# प्रभाव दैनिक
National Daily

वर्ष ११ अंक ३२३ काठमाडौं बुधबार, ०६ चैत २०८१ Prabhab National Daily Wednesday, March 19, 2025 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–



**क्षेयरोगबाट बचौं र बचाऔं**

- लगातार खोकी लाग्ने, ◆ खोकीमा रगत देखापर्ने,
- तौल घट्ने, ◆ क्षयरोगबाट बचौं र बचाऔं
- फोक्सो दुख्ने वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।

क्षयरोगबाट बच्न:

- धूम्रपान तथा मद्यपान नगरौं, ◆ धुवाँ धुलोमा नबसौं,
- खोक्दा हाछ्युँ गर्दा रूमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं
- क्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# दुई गुटमा बाँडिए राजावादी

नवराज सुवेदी नेतृत्वको आन्दोलनबाट अलग्गियो राप्रपा

आफ्नो पूर्वघोषित आन्दोलनलाई अगाडि बढाउने निर्णय



राजेन्द्र लिङ्देन



नवराज सुवेदी

■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वराजा ज्ञानेन्द्र शाहसँग जीवनको उत्तरार्द्धमा तेस्रोपटक गद्दीमा आसीन हुने हुटहुटी छ । श्रीपेच फेरि लगाउने असम्भवप्राय: सपना उनमा देखिन्छ । त्यसका लागि राजावादीहरूलाई सडकमा ओराल्दै छन् । विगतमा चिसो सम्बन्ध रहेको पूर्वपञ्च नवराज सुवेदीको काँधमा आफूलाई राजाका रूपमा गद्दीसीन गराउने जिम्मा सुम्पिएका छन् । जिम्मेवारी बहन गर्न वृद्ध नेता सुवेदीले स्वीकारे । उनैले तेस्रो जनआन्दोलन घोषणा गरिसके ।

संसद्मा राजतन्त्र फर्काउने एजेण्डाधारी दल राजेन्द्र लिङ्देन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मात्रै हो । तर, शाहले लिङ्देनलाई विश्वास गरेनन् । वृद्ध नेता सुवेदीसँग भने भरोसा गरे । यसपछि लिङ्देनले पनि जनआन्दोलन परिचालन समितिमा नरहने बताए । मंगलबार पार्टीको कार्यसम्पादन समिति बैठक बसाएर उनले पूर्वघोषित आन्दोलनका कार्यक्रम गर्ने निर्णय लिए ।

निर्णयअनुसार राप्रपाले राजसंस्था र हिन्दूराष्ट्र पुन:स्थापना, प्रदेश संरचनाको खारेजीलगायतका राजनीतिक, सामाजिक एवं सुशासन र जनजीविकाका विविध विषयमा काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा घोषणा भएका आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिने भएको छ । 'आन्दोलन परिचालन मूल समितिको बैठकबाट आन्दोलनका आगामी कार्यक्रमहरू तय गर्ने निर्णय गरिएको छ । राप्रपाले आन्दोलन र संगठनलाई सँगसँगै लैजाने र आन्दोलनको घोषणापछि पार्टीका सबै गतिविधिहरू आन्दोलन केन्द्रित गर्ने निर्णय लिएको छ,' प्रवक्ता मोहन श्रेष्ठले मंगलबार प्रभावसँग भने ।

यो निर्णयसँगै राप्रपा सुवेदीले हाँक्ने तेस्रो जनआन्दोलनमा नहुने भएको छ । अलग्गै आन्दोलनमा जाने भएको छ । यस्तो अवस्थामा आन्दोलन त्यसै कमजोर हुने टिप्पणी हुन थालेको छ ।

राप्रपाका एक पदाधिकारीका अनुसार पूर्वराजा ज्ञानेन्द्रले सडक र सदनबाट राजा फर्काउने अभियानमा वर्षौंदेखि लागेको राप्रपालाई अविश्वास गर्नु राजतन्त्रप्रतिको राप्रपाको प्रतिबद्धतामै प्रश्न उठ्ने विषय हो ।

उनले शाहको यस्तो गतिविधिले राप्रपालाई आन्दोलनबाट टाढै राख्ने पनि बताए । 'गणतन्त्रवादीहरूसँग लड्ने हामी, भिड्ने हामी, राजतन्त्र पुन:स्थापनाको आवाज गुञ्जयमान बनाउने हामी तर अहिले नेतृत्वचाहिँ उहाँ (नवराज सुवेदी) लाई दिनु कुन कोणबाट ठीक हुन्छ ?,' ती नेताले बताए ।

⏭ क्रमश: पृष्ठ २ मा

# मनपरि मूल्य बढाउने उद्योगीकै पक्षमा उभिए उद्योगमन्त्री



आजसम्म पाउनुभएको थियो सिमेन्ट । १२ घण्टा लोडसेडिङ हुने भए अब त्यो पनि पाउनुहुन्न । मूल्य अझ बढ्न सक्छ । डिजेलबाट चलाउन परे ६०-७० रूपैयाँ बढ्न सक्छ । हामीलाई यसरी पटक-पटक किन छलफलमा बोलाउनुभयो ? हामीले हाम्रो उद्योग चलाउनु पर्छ । हामी अब आउँदैनौं ।

■ **ध्रुव थापा**
सिमेन्ट उत्पादक



तपाईंले विद्युत् प्राधिकरणको पैसा नतिरेको भन्ने आरोप छ । यो गुनासो छ भनेर तपाईंको कुरा सुन्न बोलाइएको हो । त्यही स्थितिमा हो भने हामीले पनि उद्योगीले यति ठग्यो भन्नुपर्ने हुन्छ । आफ्ना कुरा लुकाउन लोडसेडिङ देखाउनुभएको छ । यो मान्य छैन ।

■ **सूर्यमान दोङ**
सांसद



अहिले हामी खुलाबजारमा छौं । वस्तुको मूल्य निर्धारण व्यवसायीले गर्छ । हामीले अवलम्बन गरेको कानुनी व्यवस्थाले यही भनेको छ । यद्यपि, सरकार र व्यवसायीबीच भएको सहमतिविपरीत कसैले मूल्य लिएको भए सरकार कारबाही गर्न तयार छ ।

■ **दामोदर भण्डारी**
मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति

■ प्रभाव संवाददाता

**काठमाडौं–** संसद्को उद्योग समितिमा उद्योगीहरूले उद्योगमा लोडसेडिङ हुन थालेको भन्दै सिमेन्टमा अझै मूल्य बढाउने चेतावनी दिएका छन् । उद्योगीले 'कार्टेलिङ' गरेर सिमेन्टको मूल्य बढाएको गुनासो बढेपछि प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले मंगलबार उद्योगीलाई समितिमा डाकेको थियो ।

उक्त बैठकको सुरुमै उद्योगीलाई दु:ख दिने नियतले बारम्बार बोलाएको भन्दै सिमेन्ट उद्योगी ध्रुव थापाले आक्रोश पोखे । 'हामीलाई यसरी पटक-पटक किन छलफलमा बोलाउनुभयो ? हामीले हाम्रो उद्योग चलाउनुपर्छ । हामी अब आउँदैनौं,' थापाले असन्तुष्टि जनाए ।

त्यसपछि सांसदहरू पनि आक्रोशित बने । सांसद रणेन्द्र बराइलीले थापाको धम्कीपूर्ण भाषा समितिलाई मान्य नहुने चेतावनी दिए । 'ध्रुवजीको धम्कीपूर्ण भाषा मान्य छैन । तपाईंलाई घाटामा सिमेन्ट बेच्नुस् हामीले पनि भनेको होइन । कसको आडमा हो यस्तो धम्कीपूर्ण भाषा ?,' बराइलीले प्रश्न गरे ।

सांसद डोलप्रसाद अर्यालले पनि उद्योगीको बोल्ने शैली शोभनीय नभएको तर्क गरे । 'सिमेन्ट उद्योगीको भाषा अलि भएन । तपाईंले जहाँ बोलाउनुभयो त्यहाँ आउँदिन भन्ने कुरा शोभनीय भएन,' अर्यालले भने ।



प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको मंगलबार बसेको बैठक

अर्का सांसद सूर्यमान दोङले उद्योगीले धम्की फिर्ता नलिए संसदीय समितिमा बसिरहन उचित नहुने बताए । 'उद्योगीहरूले धम्की फिर्ता नलिने भए हामी यहाँ नबसौं । यहाँ बस्दैनौं । धम्की खानका लागि हामीले तपाईंलाई यहाँ बोलाएको होइन,' दोङले भने । सांसद रमा कोइराला पौडेलले बैठक कसले बोलाएको भनी प्रश्न गरिन् । 'यो बैठक सभापतिले बोलाउनुभएको हो कि निर्माण व्यवसायीले ? सिमेन्ट उत्पादकको कुरा मान्य छैन । धम्की मान्य छैन,' कोइरालाले भनिन् ।

### मूल्य अझै बढ्ने उद्योगीको चेतावनी

उद्योगीले अवस्था यसैगरी अघि बढे मूल्य अझै बढ्ने चेतावनी दिए । 'आजसम्म पाउनुभएको थियो सिमेन्ट । १२ घण्टा लोडसेडिङ हुने भए अब त्यो पनि पाउनुहुन्न । मूल्य अझ बढ्न सक्छ । डिजेलबाट चलाउन परे ६०-७० रूपैयाँ बढ्न सक्छ,' सिमेन्ट उत्पादक थापाले भने । उद्योगी विष्णु न्यौपानेले अहिले लागत नै प्रतिबोरा ७० रूपैयाँसम्म बढेको दाबी गरे । 'हामीले बढी विद्युत् मागेको होइन । डिमाण्ड चार्जले पनि लागत बढाइरहेको छ । सरकारले १०-१५ प्रतिशत नाफा सिमेन्टमा तोकेको हुन्छ । अधिकांश उद्योगले नोक्सान बेहोरेका छन् । बिजुलीमा २२ रूपैयाँ परेको छ युनिटको । अहिले लागत ७० रूपैयाँसम्म बढेको छ,' न्यौपानेले भने ।

उद्योगीको उक्त दाबीको प्रतिवाद गर्दै सांसद दोङले आफ्नो कुरा लुकाउन लोडसेडिङलाई दोष दिनु आपत्तिजनक भएको बताए । विद्युत् प्राधिकरणको शुल्क नतिर्ने उल्टै समितिलाई चेतावनी दिने कुरा मान्य नहुने उनको भनाइ थियो । 'तपाईंले विद्युत् प्राधिकरणको पैसा नतिरेको भन्ने आरोप छ । यो गुनासो छ भनेर तपाईंको कुरा सुन्न बोलाइएको हो । त्यही स्थितिमा हो भने हामीले पनि उद्योगीले यति ठग्यो भन्नुपर्ने हुन्छ,' दोङले भने, 'आफ्ना कुरा लुकाउन लोडसेडिङ देखाउनुभएको छ । यो मान्य छैन ।'

एमाले सांसदहरूले भने सिमेन्ट र छडको मूल्य बढ्नुमा सरकारकै साथ रहेको आरोप लगाए । एमाले सांसद अमृतादेवी अग्रहरीले यसरी आमजनतालाई ठग्ने काम गर्न नहुने सुझाव दिइन् । 'उद्योग मन्त्रालयले दोषीको भूमिका निभाइरहेको छ कि जस्तो लाग्यो ।

⏭ क्रमश: पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# मागपत्र प्रमाणीकरणको समस्याले युरोपमा कामदार पठाउन सकस

■ ममता थापा

**काठमाडौं–** युरोपेली मुलुकबाट आउने मागपत्र प्रमाणीकरणमा रहेको समस्या नहट्दा कामदार पठाउन सकस बेहोर्नुपरेको वैदेशिक रोजगार व्यवसायीहरूले बताउँदै आएका छन् । व्यवसायीहरूको भनाइलाई पुष्टि गर्ने आधारको रूपमा पछिल्लो महिनाको तथ्यांक बाहिर आएको छ ।

गत फागुन महिनामा वैदेशिक रोजगार व्यवसायीले दुईवटा मात्र युरोपेली मुलुकमा कामदार पठाएको पाइएको छ । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकमा उक्त महिना म्यानपावर कम्पनीमार्फत साइप्रस र बेलायतमा मात्र श्रमिक गएको देखिएको हो । यद्यपि, बेलायत अहिले युरोपेली संघमा छैन । फागुनमा म्यानपावरमार्फत ७१९ जना रोजगारीका लागि साइप्रस पुगेका छन् । जसमध्ये २२५ जना पुरुष र ४८४ जना महिला रहेका छन् । बेलायतमा भने एक जना पुरुषमात्र गएको तथ्यांक छ । मागपत्र प्रमाणीकरणको समस्या नहटेका कारण युरोपमा कामदार पठाउन नसकिएको व्यवसायीहरू बताउँछन् ।

नेपाली श्रमिकलाई खाडीको तातो घामबाट युरोप सिफ्ट गर्न सके बढी सुरक्षित हुने र व्यवसायको दायरा पनि बढ्ने भनेर मागपत्र प्रमाणीकरणको



विषय उठाउँदै आए पनि सरकारले त्यसतर्फ ध्यान नदिँदा यो परिणाम देखिएको एक व्यवसायीले बताए । यहीबीच व्यक्तिगत श्रम स्वीकृति लिएर एक जना साइप्रस र ६५ जना बेलायत गएका विभागको तथ्यांकमा देखिन्छ ।

### फागुनमा ६९ हजार श्रमशक्ति विदेसिए

फागुन महिनामा ६८ हजार ९६३ जना वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा गएका छन् । यो उक्त महिना संस्थागत, व्यक्तिगत र पुन: श्रम स्वीकृति लिनेहरूको तथ्यांक हो । विगत केही महिनाजस्तै गत महिना पनि खाडीका पाँच देश नै प्रमुख श्रम गन्तव्य बनेका छन् ।

फागुनमा संस्थागत, व्यक्तिगत र पुन: श्रम स्वीकृति लिएर सबैभन्दा बढी २५ हजार ११७ जना संयुक्त अबर इमिरेट्स (युएई) गएका छन् । दोस्रोमा रहेको साउदीमा जान श्रम स्वीकृति लिने ११ हजार ६३३ जना रहेका छन् । त्यसैगरी तेस्रोमा रहेको कतारमा १० हजार ३३१, चौथो बनेको कुवेतमा चार हजार २१७ र पाँचौं मलेसियामा तीन हजार ७१५ जना श्रमिक रोजगारीको खोजीमा पुगेका छन् । करिब एक वर्षयता मलेसिया बन्द रहेकाले अधिकांश पुन: श्रम स्वीकृति लिएर गएका हुन् । मलेसियामा पुन: श्रम स्वीकृति लिएर जानेको संख्या तीन हजार ५५६ जना रहेका छन् ।

गत मंसिरयता यी नै पाँच मुलुकमा धेरै श्रमिक गएको तथ्यांक छ । त्यसअघि साउनदेखि कात्तिकसम्म रोमानियाले मलेसियाको स्थान लिएको थियो । फागुनमा विश्वका १०२ वटा मुलुकमा विभिन्न माध्यमबाट श्रमिकहरू रोजगारीका लागि गएका छन् । चालु आर्थिक वर्षको अन्य महिनामा १६ देखि १७ वटा देशमा श्रमिक पठाउँदै आएका व्यवसायीले फागुनमा भने सबैभन्दा कम १४ वटा देशमा मात्र पठाएको देखिन्छ । उक्त महिना संस्थागत माध्यमबाट ३० हजार १२७ जना वैदेशिक रोजगारीमा गएको देखिएको छ । खाडी, मलेसिया र युरोपका दुई देशबाहेक अफ्रिकी मुलुक मरिससमा २५० जना र एसियाली मुलुकहरू मकाउमा आठ, जोर्डनमा ६२, जापानमा १०० र माल्दिभ्समा १० जना श्रमिक संस्थागत माध्यमबाट रोजगारीका लागि गएका छन् । अघिल्ला महिनाहरूमा व्यवसायीले श्रमिक पठाउँदै आएका ब्रुनाई, रोमानिया, हङकङ, टर्कीलगायतका देशमा यस महिना भने श्रमिक गएको तथ्यांक छैन ।

### व्यक्तिगत श्रम स्वीकृति लिएर जानेको अवस्था

फागुनको तत्थांकअनुसार व्यक्तिगत श्रम स्वीकृति लिएर ८९ वटा देशमा १० हजार ४२८ जना गएका छन् । यसको ३५ प्रतिशतभन्दा बढी अर्थात् तीन हजार ७२८ जना खाडी र मलेसिया गएका हुन् ।

⏭ क्रमश: पृष्ठ २ मा


**जनहितमा जारी सन्देश**

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमश:

## मनपरि मूल्य...

मन्त्रालयले नभनी बढाउन सक्छ ?,' अग्रहरीले प्रश्न गरिन् । एमालेकै सांसद लक्ष्मी महतो कोइरीले मन्त्रीकै आडमा उद्योगीले मनपरि गरेको दाबी गरे । 'अहंकार भएका सिमेन्ट उद्योगी छन् । उद्योगपतिजी म पनि इँटा भट्ट चलाएर आएको हो । तपाईंलाई पाठ सिक्ने मौका आयो । मन्त्रीको आडमा तपाईंहरू यस्तो हुनुभएको हो कि । तपाईंले पहिला आफ्नो भाषा सुधार्नुस्,' कोइरीले भने ।

निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले कार्टेलिङ गरेर सिमेन्टको मूल्य बढाउँदा पनि सरकारले प्रोत्साहन गरिरहेको आरोप लगाए । 'उत्पादन कटौती गरेर मूल्य बढाइएको छ । अनावश्यक अभाव गरिएको छ,' सिंहले भने । यसले गर्दा निर्माण व्यवसायी मारमा परेको उनको भनाइ थियो । 'हालै स्टिल उद्योगले मूल्य प्रतिकेजी ७६ बाट ९० बनाएको छ । यसको मारमा निर्माण व्यवसायी छन्,' उनले भने, 'मूल्यवृद्धि अविलम्ब खारेज गरी कार्टेलिङमा सहभागी उद्योगीलाई कारबाहीका लागि निर्देशन गर्न अनुरोध गर्दछौं ।'

### उद्योगमन्त्री भण्डारी उद्योगीकै पक्षमा

उद्योगमन्त्री दामोदर भण्डारीले भने उद्योगीकै पक्षमा आफू रहेको अभिव्यक्ति दिए । मन्त्री भण्डारीले उद्योगमा लोडसेडिङ जारी रहेको र यसको समाधानका लागि सरकार लागिरहेको दाबी गरे । 'हिजो हामीले लोडसेडिङमुक्त भन्यौं तर आज पनि लोडसेडिङ छ । यो सरकारको कमजोरी हो । लोडसेडिङमुक्त गर्न सरकारले पहल गर्ने छ,' मन्त्री भण्डारीले भने, 'मूल्य बढेको विषय खोज्ने हो भने यसको अनेक कारण छन् । हाम्रो स्रोत साधनको बढी प्रयोग नै उचित हुन्छ । हेटौंडा र उदयपुर सिमेन्टले पनि बोरामा १५० रूपैयाँ घाटा खाएको छ । सरकार र व्यवसायीबीच भएको सहमतिविपरीत कसैले मूल्य लिएको भए सरकार कारबाही गर्न तयार छ । दुवै पक्षलाई मिलाएर लिनुपर्ने छ । उद्योगमन्त्री उद्योगीको पक्षमा नबोलेर कसको पक्षमा बोल्छ त ?'

खुलाबजारमा उद्योगीले नै मूल्य निर्धारण गर्ने उद्योगमन्त्रीको दाबी थियो । 'अहिले हामी खुला बजारमा छ । वस्तुको मूल्य निर्धारण व्यवसायीले नै गर्छ । हामीले अवलम्बन गरेको कानुनी व्यवस्थाले यही भनेको छ,' मन्त्री भण्डारीले भने । उद्योग समितिले मूल्य घटाउन उद्योगीलाई तत्काल निर्देशन दिन सुझाव दिएको थियो तर समितिका सभापति अब्दुल खानले कुनै निर्देशन दिएनन् ।

■■■

## मागपत्र...

बाँकी अन्य मुलुक गएका छन् । व्यक्तिगत तवरबाट यूएईमा एक हजार ९३५, जापानमा एक हजार ४९०, रोमानियामा एक हजार ४०८, कतारमा एक हजार २४७ र क्रोएसियामा ९५२ जना गएको तथ्यांक छ । १४ वटा देशमा १०० जनाभन्दा बढी गएका छन् । ३० वटा देशमा एक जना, आठवटा देशमा दुई जना, तीन वटा देशमा तीन जनामात्र गएका छन् ।

यसअघि साउनमा ८६ वटा देशमा १० हजार ७५३ जना, भदौमा ८७ देशमा ९२६ जना, असोजमा ८६ देशमा आठ हजार ९३८ जना, कात्तिकमा ८३ देशमा १२ हजार ५९८ जना, मंसिरमा ८८ देशमा १३ हजार ५९ जना, पुसमा ८९ देशमा १० हजार ८५ जना र माघमा ८६ देशमा नौ हजार ७१५ जना श्रमिक व्यक्तिगत श्रम स्वीकृति लिएर गएका छन् । अहिलेसम्मको तथ्यांक हेर्दा सबैभन्दा बढी मंसिरमा र सबैभन्दा कम असोजमा व्यक्तिगत श्रम स्वीकृति लिएर विदेसिएको देखिन्छ । व्यक्तिगत श्रम स्वीकृति लिएर सबैभन्दा बढी श्रमिक युएई, जापान र क्रोएसिया गएको तथ्यांकले देखाएको छ ।

### जिटुजीमार्फत कति गए ?

चालु आर्थिक वर्षको आठ महिनामध्ये जिटुजी अन्तर्गतको इपिएस प्रणालीमार्फत दक्षिण कोरिया जानेको संख्या सबैभन्दा धेरै फागुनमा रहेको छ । गत महिना एक हजार ६८१ जना कोरिया गएका हुन् । यसअघि साउनमा ६६८ जना, भदौमा एक हजार तीन जना, असोजमा ८४० जना, कात्तिकमा ६७० जना, मंसिरमा ९७९ जना, पुसमा ६५४ र माघमा एक हजार १६ जना इपिएस प्रणालीमार्फत कोरिया गएका थिए ।

यसैगरी इजरायल सरकारले गत फागुनदेखि घरेलु श्रमिक लैजान सुरु गरेको छ । फागुनमा २०९ जना इजरायल गएका छन् । जसमध्ये ७३ पुरुष र १३६ जना महिला रहेको वैदेशिक रोजगार विभागले जनाएको छ ।

■■■

## दुई गुटमा...

राजा ल्याउने भन्दै राप्रपाले यसअघि गठन गरेको केन्द्रीय आन्दोलन परिचालन समिति महामन्त्री डा. धवलशमशेर जबराको नेतृत्वमा छ । समितिको नेतृत्वमा यसअघि धनगढीसहित केही स्थानमा प्रदर्शन भए । २५ फागुनमा पूर्वराजा शाह पोखराबाट काठमाडौं आउने भएपछि राप्रपाले आन्दोलन स्थगित गरेको थियो । मंगलबारको बैठकसँगै राप्रपा अलग्गै आन्दोलन गर्ने निर्णयमा पुगेको हो ।

अर्थराजनीतिक विश्लेषक हरि रोका राजावादीको आन्दोलन ढिसमिसको अवस्थामा पुगेको बताउँछन् । 'आन्दोलन परिचालन समिति र सल्लाहकार समितिमा ज-जसलाई राखियो, धमाधम बस्दिनँ भनिरहेका छन् । यो भनेको आन्दोलन एक तरिकाले विसर्जनउन्मुख जस्तै हो,' उनले भने ।

गत सात फागुनमा पूर्वराजा शाहले देश संकटमा रहेको भन्दै एकपटक साथ दिन देशवासीलाई आह्वान गरेका थिए । त्यसपछि राजावादीहरूको माहोल सडकमा ओर्लिनेसम्मको भयो । तर, उनले चाहेजस्तो सजिलो राजतन्त्र पुनःस्थापना गर्ने छैन । गणतन्त्र नेपालका पहिलो प्रधानमन्त्रीसमेत रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले मंगलबार राजावादीहरूलाई गणतन्त्रको उदारतालाई कमजोरी नठान्न र राजतन्त्रको कलाविहीन नाटक मञ्चन नगर्न चेतावनी दिइसकेका छन् । उनले गणतन्त्र आउनुमा भिलेनकै रूपमा भए पनि ज्ञानेन्द्रको भूमिका रहेको बताए ।

प्रधानमन्त्री केपी शर्मा ओलीको दल नेकपा एमालेले वंशगत शासन प्रणाली मानिने राजतन्त्र पुनःस्थापनाको माग हास्यास्पद रहेको टिप्पणी गरेको छ । यस्तो अवस्थामा मूल राजावादी शक्ति राप्रपा नै राजावादीहरूको आन्दोलनबाट टाढा देखिने भएको छ । पूर्वपञ्च केशरबहादुर विष्ट आन्दोलनमै नदेखिने भएका छन् । यसले आन्दोलनको गर्भमै राजावादीहरूको दुईतिर फर्काइ देखिएको छ । ज्ञानेन्द्रको राजा हुने उत्कट चाहनामा राजावादीहरूको यस्तो गतिविधिले तुषारापात हुने विश्लेषकहरूको भनाइ छ ।


### श्रीराम सुगर मिल्स लिमिटेड
### गरुडा, रौतहटको
### ३०औं वार्षिक साधारण सभाको सूचना

श्रीराम सुगर मिल्स लिमिटेडको मिति २०८१।११।१३ गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०८०।०८१ को तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानूभावहरुको उपस्थितिका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**(१) वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

१. मिति : २०८१।१२।१५ गते (तदनुसार २८ मार्च २०२५)
२. समय : विहान ११.०० बजे
३. स्थान : अर्पण ब्यांकेट, नयां बानेश्वर, काठमाण्डौ

**(२) वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत हुने प्रस्तावहरुः**

१. संचालक समितिले तयार गरेको आ.व.२०८०।०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको लेखा परीक्षण गरिएको आ.व. २०८०।०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व.२०८०।०८१ को दफा ७८ सम्बन्धमा ।
४. लेखा परिक्षण समितिको सिफारिसमा आ.व.२०८१।८२ का लागी लेखा परीक्षक नियुक्तीको सिफारिस गर्ने बारे ।
५. स्वतन्त्र संचालक नियुक्तीको अनुमोदन गर्ने ।
६. संचालक समितिले गरेका काम कार्यवाहीहरुको अनुमोदन गर्ने ।
७. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



### युएइमा रोजगार
**कम्पनी : ALIGN TEAM LLC**

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 320459 | चलानी नं. ६०२३४७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 1ST COMMIS | 20 | 0 | 1500 | ५६,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 50 | 0 | 900 | ३४,०३० | | | | | | | |
| 3 | Packers | 100 | 0 | 900 | ३४,०३० | | | | | | | |
| 4 | Waiter | 25 | 0 | 1500 | ५६,६९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



### कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Workforce Services Pvt. Ltd.** (ई.प.नं. १७२/०५६/५७) मा कार्यरत **राकेश कुमार थापा (ना.प्र.प्र.नं: ३९६९२१५८)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Sadhana International Pvt.Ltd.** इजाजत नम्बर ७१५/०६४/०६५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | ना.प्र.प्र.नं. |
|---|---|---|
| १ | सुस्मिता तामाङ | १०७७/३४६ |
| २ | दुर्योधन तामाङ | १३३०४३/४१५ |
| ३ | निर्मला भुजेल | २९२/२१६ |

**Sadhana International Pvt. Ltd.**
Basundhara-3, Kathmadnu, Tel: +977-1-4970107, 01-4970006
Email.: info@sadhanainternational.com, Web Site : wwww.sadhanainternational.com



### साउदीमा रोजगार
**कम्पनी : Green Coast Fertilizer Company Limited is a One Person Company**

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 320590 | चलानी नं. ६०२३४७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 320590 | 1 | 0 | 1000 | ३७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४
**Al Noor Overseas Pvt. Ltd**
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



### कुवेत/साउदी/युएइमा रोजगार
**कम्पनी : Al-Kharafi Construction Company** — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८०/०९/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 297506 | चलानी नं. ६०२१२५९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder Laborer | 7 | 0 | 120 | ५४,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ (शेवा शुल्क: १०,०००) | | २ वर्ष |

**कम्पनी : On Your Way Food Trading Establishment**

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | LT. No. 313867 | चलानी नं. ६०२३४६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloding Worker | 1 | 0 | 1200 | ४४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : Sinopec Engineering- Abu Dhabi** — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 319050 | चलानी नं. ६०२३३२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 800 | ३०,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 100 | 0 | 1200 | ४३,८०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान:**
Job Oriented and Training Institute मा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ, Itahari, Sunsari Multiple Training Center मा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ Itahari,Munal Training Center मा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ, Janakpur, PIT Training Center मा मिति: २०८१ चैत १६ गते (29th March 2025) मा हुनेछ । Birtamode, Anjali Training Center मा मिति: २०८१ चैत १७ गते (30th March 2025) मा हुनेछ, Nepalgunj, Gajraj Training Center मा मिति: २०८१ चैत १८ गते (31st March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८
**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



### साउदीमा रोजगार
**कम्पनी : Fire Department for Safety Equipment Est.** — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 320563 | चलानी नं.६०२३४७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Helper | 10 | 0 | 1000 | ३७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : Alam Al-Raeda Company for Operation and Maintenance.** — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 320571 | चलानी नं.६०२३४७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 15 | 0 | 1000 | ३७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : Mohammed Hashel Surour Sons Co., Ltd.**

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 320570 | चलानी नं.६०२३४७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 1000 | ३७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Maintenance Staff | 6 | 0 | 1500 | ५५,५२० | | | | | | | |
| 3 | Electrical Power Line With High Voltage Labour | 6 | 0 | 1500 | ५५,५२० | | | | | | | |
| 4 | Heavy Equipment Driver | 1 | 0 | 2500 | ९२,५३५ | | | | | | | |
| 5 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६६,६२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HALESI OVERSEAS PVT LTD** — Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com



### युएइमा रोजगार
**कम्पनी : MUHAMMAD NASEEM CLEANING SERVICES L.L.C**

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | LT. No. 320438 | चलानी नं. ६०२३४६८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 35 | 10 | 1200 | ४५,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Employment Creation Service Pvt. Ltd.** — श्रम ईजाजत नं. ४००/०६०/०६१
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com



### रद्द गरिएको सूचना

यस **Eminence Recruitment International Pvt Ltd** को Lot No. 305160 को लटनम्बर नभएको र विज्ञापन भूलवस मिति २०८१ चैत ५ गतेको प्रभाव दैनिक (वर्ष ११ अंक ३२२) मा प्रकाशन हुन गएकोले उक्त सूचना रद्द गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।



### साउदीमा रोजगार
**कम्पनी : China Energy Engineering Group Guangdong Power Engineering Company Limited**

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 320565 | चलानी नं. ६०२३४७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 38 | 0 | 1200 | ४४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.** — Govt. License 886/067/068
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com



**Province Government**
**Ministry of Physical Infrastructure and Development**
# Urban Development and Building Office
**Bagmati, Province**
**Kathmandu**

## INVITATION FOR BIDS(IFB)

**Date of first publication :- 2081/12/06**

1. The Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu invites electronic bids only from duly eligible and qualified registered bidders for the procurement of following works

a) Under NCB Single Stage double envelope. Some of the details are in the bidding document.

| S. N. | Contract ID No. | Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Financial Resources(Liquid/Credit Facility) Nrs. | Minimum Work Experience of Similar Size and nature(without VAT) | Bid Security Amounts (Nrs.) | Bid document Price (Nrs.) | Key Activities |
|---|---|---|---|---|---|---|---|
| 1 | UDBO/KTM/WORKS/NCB/28-81/82 | NRs. 55.43 million | NRs. 9.24 million | NRs. 14.78 million | NRs. 1.08 million | NRs. 5,000 | 1)Reinforced Cement Concrete M 25 or above(cum): 262 Cum in any one year in last ten year.<br>2) TMT Fe 500 steel reinforcement bar (MT): 35074 KG in any one year in last ten year |

b) Under NCB Single Stage Single envelope and SQ.

| S. N. | Contract ID | Procurement Types | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amounts (Nrs.) | Bid ocument Price(Nrs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/KTM/WORKS/NCB/29-81/82 | NCB | 12345698.91 | 400000 | 3000 |
| 2 | UDBO/KTM/WORKS/NCB/30-81/82 | NCB | 4277949.43 | 125000 | 3000 |
| 3 | UDBO/KTM/WORKS/NCB/31-81/82 | NCB | 2570574.29 | 75000 | 3000 |
| 4 | UDBO/KTM/WORKS/NCB/32-81/82 | NCB | 5140267.94 | 150000 | 3000 |
| 5 | UDBO/KTM/WORKS/NCB/33-81/82 | NCB | 3007735.86 | 100000 | 3000 |
| 6 | UDBO/KTM/WORKS/NCB/34-81/82 | NCB | 3864734.41 | 115000 | 3000 |
| 7 | UDBO/KTM/WORKS/NCB/35-81/82 | NCB | 2141229.62 | 63000 | 3000 |
| 8 | UDBO/KTM/WORKS/NCB/36-81/82 | NCB | 12316856.45 | 400000 | 3000 |
| 9 | UDBO/KTM/WORKS/NCB/37-81/82 | NCB | 5,148,362.74 | 150000 | 3000 |
| 10 | UDBO/KTM/WORKS/SQ/19-81/82 | SQ | 1284759.38 | 38000 | 1000 |

2. All bidders shall submit their bid electronically only. Electronic bid must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12.00 Noon; on 2082/01/05 for NCB, and on 2082/12/20 for SQ. Detail electronic bid submission procedure is as e-GP directives of PPMO.
3. Eligible bidders may obtain further information from www.bolpatra.gov.np/eGP or at the office of Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu. Email id: mopid3udboktm75@gmail.com

**Office Chief**

# प्रहरी महानिरीक्षक थापाले सम्हाले कार्यभार



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रहरी महानिरीक्षक दीपक थापाले मंगलबारदेखि कार्यभार सम्हालेका छन् । पद बहालीसँगै उनले मुलुकको शान्ति सुरक्षा आफ्नो प्रमुख प्राथमिकता भएको स्पष्ट गरेका छन् ।

मन्त्रिपरिषद्को सोमबारको निर्णयअनुसार उक्त पदमा पदोन्नति पाएका उनलाई मंगलबार गृहसचिव गोकर्णमणि दुवाडीले दर्ज्यानी चिह्न प्रदान गरेका थिए । त्यस अवसरमा गृहसचिव दुवाडीले गौरवशाली संगठनको प्रमुख जस्तो गरिमामय पद प्राप्त गरेकामा प्रहरी महानिरीक्षक थापालाई बधाई तथा सफल कार्यकालको कामना गरे ।

समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, प्रहरी अतिरिक्त महानिरीक्षक, गृह मन्त्रालयका उच्चपदस्थ अधिकारी, प्रहरी नायब महानिरीक्षकलगायतको उपस्थिति थियो । पद बहालीपछि महानिरीक्षक थापाले नेपाल प्रहरीको श्रीवृद्धिका साथै मुलुकमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्नु आफ्नो उद्देश्य भएको बताउँदै त्यसलाई साकार तुल्याउन संगठनका सबैबाट योगदान हुने विश्वास व्यक्त गरे ।

पद बहालीअघि उनले नेपाल प्रहरी प्रधान कार्यालय परिसरस्थित अमर प्रहरी स्मारकमा पुष्पहार चढाई अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै कार्यालय परिसरमा निमको बिरुवा रोपेका थिए ।

# ‘जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सामूहिक सहकार्य आवश्यक’

**काठमाडौं (प्रस)–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले जलवायु परिवर्तनले पारेको असरलाई गम्भीररूपमा लिएर यसको न्यूनीकरणका लागि सामूहिक सहकार्य गर्नुपर्नेमा जोड दिएकी छन् । भारतको विदेश मन्त्रालयले राजधानी नयाँ दिल्लीमा आयोजना गरेको राइसिना डायलगको जलवायु परिवर्तनसम्बन्धी सत्रलाई सम्बोधन गर्दै उनले विकासशील राष्ट्रहरूले जलवायु परिवर्तनको अकल्पनीय प्रभावहरूको अनुभव गरिरहेका र नेपाल यसको अग्रपंक्तिमा नै रहेको बताइन् ।

मन्त्री डा. राणाले जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असरका बारेमा आफ्नो अवस्था दर्शाउँदै यसकारण नेपालले जलवायु न्याय (क्लाइमेट जस्टिस) को मागलाई अन्तर्राष्ट्रियरूपमा उठाउँदै आएको पनि स्पष्ट गरिन् । उनले जलवायु परिवर्तनको असरले नेपालजस्ता हिमाल तथा पहाड भएका देशलाई मात्र नभएर सिंगो विश्वलाई नै असर गर्ने भएकाले सबै देशहरूले साझा एजेण्डाका साथ सामूहिक सहकार्य गर्नुपर्नेमा जोड दिइन् ।

जलवायु न्यायअन्तर्गत क्षतिपूर्तिका पक्षमा नेपाल रहेको बताउँदै उनले यसका लागि आवश्यक क्लाइमेट फाइनान्सिङका विषयमा अब व्यापकमात्रामा छलफल हुनुपर्ने माग गरिन् । उनले गत वर्षको सेप्टेम्बरमा जलवायु परिवर्तनको सबैभन्दा नराम्रो परिणामको नेपालले सामना गर्नुपरेको र भीषण वर्षाका कारण २५० भन्दा बढी मानिसको ज्यान जानुका साथै करिब ४५ अर्ब रूपैयाँबराबरको क्षति व्यहोर्नुपरेको बताइन् । सो भीषण वर्षा र बाढीले पिउने पानी, सडक, ऊर्जा, सिँचाइ, पूर्वाधारहरू तथा कृषिसम्बन्धी पूर्वाधारमा ठूलो क्षति पुगेको पनि मन्त्री डा. राणाले जानकारी दिइन् ।




उनले ‘क्लाइमेट फाइनान्सिङ’का क्षेत्रमा अब नयाँ स्वरूपले सोच्नुपर्ने धारणा राखिन् । उनले भनिन्, ‘अहिले विश्व नयाँ ढंगले अघि बढिरहेको छ । मलाई लाग्छ, अब परम्परागत दाताहरूबाट त्यसैगरी अनुदान तथा सहयोग नआउन पनि सक्छ, त्यसैले अब नयाँ ढंगले सोच्नुपर्ने बेला आएको छ ।’

मन्त्री राणाले यसका लागि राष्ट्रहरूले निजी क्षेत्रसँग पनि सहकार्य गरेर अघि बढ्न सकिने धारणा राखिन् । नेपालले विश्वको अन्य क्षेत्रको तुलनामा जलवायु परिवर्तनको असर अकल्पनीय रूपमा अनुभव गरिरहेको दृष्टान्त पेस गर्दै उनले नेपालका लागि थप क्षतिपूर्ति आवश्यकतामा जोड दिइन् । नेपाललाई वर्षा, बाढीपहिरो तथा अन्य प्राकृतिक प्रकोपहरूको पूर्वसूचना आदिका क्षेत्रमा प्राविधिक सहयोग आवश्यक रहेको धारणा राखिन् ।


## युएइमा रोजगार

कम्पनी : QASR KERALA PLASTER & TILES CONT.

पूर्व स्वीकृति मिति : २०८१/०४/२५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 308665 | चलानी नं. ६०२२३३४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 33 | 0 | 1200 | ४५,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steal Fixer | 36 | 0 | 1200 | ४५,३५८ | | | | | | | |
| 3 | STONE MASON | 21 | 0 | 1200 | ४५,३५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५०/०५६/५७

**HYHIRE INTERNATIONAL PVT. LTD.**
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## बहराइनमा रोजगार

कम्पनी : WESTMINSTER GULF CO WLL — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०४ | LT. No. 315160 | चलानी नं. ६०२२९५६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | scaffolder advanced 1 | 130 | 0 | 130 | ६६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ चैत १२ गते (25th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** — श्रम इजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411, 9844661381, 9813413654, 9846702764, 9851105682, 9851084742, (Jhapa Branch: 9815005930, +977-023-591265), Email : info@jisnepal.com, Web: www.janashaktiintl.com


## हे युवा बचत तथा ऋण सहकारी संस्था लि.

प्रधान कार्यालय: बाग्मती प्रदेश, का.जि.का.म.न.पा-३२, सुविधानगर, तिनकुने, काठमाडौं ।

### कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८१/१२/०६ (प्रभाव राष्ट्रिय दैनिक)*

*यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको कर्जाको यस संस्थासँग कर्जा लिंदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, अन्य दैदस्तुर समेत तिर्न बुझाउनको लागि निजहरुलाई पटक(पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा र संस्थाका प्रतिनिधीसँग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि तपाईहरुको सँस्थाको लेना रकम चुक्ता भुक्तान गर्ने मनसाय समेत नदेखिएकोले यो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज, हर्जाना, अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला । अन्यथा कर्जा लिंदा संस्थासंग गर्नुभएको तमसुकमा उल्लेख भए अनुसार नेपाल सरकार सहकारी ऐन २०७४, प्रदेश सहकारी ऐन २०७६, संस्थाको विनियम, तथा अन्य प्रचलित कानुन बमोजिम तपाईको चल अचल सम्पत्तिबाट असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।*

तपसिल

| क्र.सं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | ऋणी : संजु त्रामु थापा<br>बाबुको नाम : बिर बहादुर थापा तङनामी<br>आमाको नाम : दमकली थापा तङनामी<br>पतिको नाम : जग बहादुर त्रामु<br>ठेगाना : का.म.न.पा.-६, बौद्ध काठमाण्डौ<br>नागरिकता नं.: २७१०६०-५०२१२-५४८५८<br>जारी जिल्ला, मिति : काठमाडौं २०६६/०९/२४ | नाम : जग बहादुर त्रामु<br>बाबुको नाम : जैराम त्रामु<br>ससुराको नाम : बिर बहादुर थापा तङनामी<br>पत्नीको नाम : संजु त्रामु थापा<br>ठेगाना : ठुलोलुम्पेक-६, गुल्मी<br>नागरिकता नं.: गुल्मी, ना.वा.-४, ९६<br>जारी जिल्ला : गुल्मी |
| २. | ऋणी : संगिता पौडेल राई<br>बाबुको नाम : मोहन प्रसाद पौडेल<br>बाजेको नाम : भैरव पौडेल<br>पतिको नाम : किरण राई<br>ठेगाना : धरान उ.म.न.पा.-१५, सुनसरी<br>नागरिकता नं.: ०६-०२-७२-००५१२<br>जारी जिल्ला, मिति : २०७२/०२/२४ | ऋणी : तारा पौडेल राई<br>बाबुको नाम : मोहन प्रसाद पौडेल<br>बाजेको नाम : भैरव पौडेल<br>पतिको नाम : कुल बहादुर राई<br>ठेगाना : हेटौडा न.पा.-१०, मकवानपुर<br>नागरिकता नं.: ३११०२३/७८८२९<br>जारी जिल्ला, मिति : २०७२/०२/२४ |
| ३. | ऋणी : कामेश्वर ओझा<br>बाबुको नाम : ब्रम्हदेव ओझा<br>बाजेको नाम : जिउत ओझा<br>ठेगाना : साविक बागबाना गा.वि.स-३, पर्सा<br>नागरिकता नं.: १००५/२२६<br>जारी जिल्ला, मिति : पर्सा, २०६६/११/१३ | नाम : लालबाबु ठाकुर<br>बाबुको नाम : फेकु ठाकुर हजारा<br>आमाको नाम : मनोकुरी देवी<br>ठेगाना : साविक माधोपुर गा.वि.स.-८, रौतहट<br>नागरिकता नं.: ३२००१(७१(०५९९०<br>जारी जिल्ला : रौतहट, २०७२/०९/२७ |
| ४. | ऋणी : राकेश साही<br>बाबुको नाम : चन्द्र बहादुर साही (कसाही)<br>बाजेको नाम : जित बहादुर साही<br>ठेगाना : मध्यपुर थिमी-०७, भक्तपुर<br>नागरिकता नं.: २३९१६<br>जारी जिल्ला, मिति : भक्तपुर, २०६२/०१/२७ | नाम : मंगलकृष्ण साही<br>बाबुको नाम : चन्द्र बहादुर साही (कसाही)<br>बाजेको नाम : जित बहादुर साही<br>ठेगाना : मध्यपुर थिमी-०७, भक्तपुर<br>नागरिकता नं.: १६४००<br>जारी जिल्ला, मिति : भक्तपुर, २०६०/१०/२१ |
| ५. | ऋणी : केदार प्रसाद अधिकारी<br>बाबुको नाम : मोहन प्रसाद अधिकारी<br>बाजेको नाम : चन्द्र प्रसाद अधिकारी<br>ठेगाना : डराउने पोखरी गा.वि.स-९, काभ्रे<br>नागरिकता नं.: ९१५५८<br>जारी जिल्ला, मिति : काभ्रे, २०५७/०३/११ | नाम : गंगा ओझा<br>बाबुको नाम : कृष्णहरी ओझा<br>ससुराको नाम : मोहन प्रसाद अधिकारी<br>पतिको नाम : केदार प्रसाद अधिकारी<br>ठेगाना : हेटौना न.पा.-६, मकवानपुर<br>नागरिकता नं.: २१/४९९<br>जारी जिल्ला : मकवानपुर, २०५६/११/१८ |
| ६. | ऋणी : धुरेन्द्र प्रसाद कुसुवाह<br>बाबुको नाम : मोहन महतो कोइरी<br>बाजेको नाम : अर्जुन महतो कोइरी<br>ठेगाना : भौराटार गा.वि.स.-७, पर्सा<br>नागरिकता नं.: ३४/१००४/१९०<br>जारी जिल्ला, मिति : पर्सा, २०६६/०४/२२ | नाम : आँचल कुमारी मेहता<br>बाबुको नाम : वीरेन्द्र प्रसाद मेहता<br>ससुराको नाम : मोहन महतो कोइरी<br>पतिको नाम : धुरेन्द्र प्रसाद कुसुवाह<br>ठेगाना : धोरे गा.वि.स.-६, रामेछाप<br>नागरिकता नं.: ४९१३४<br>जारी जिल्ला : रामेछाप, २०६६/०८/२२ |
| ७. | ऋणी : सम्देन तामाङ<br>बाबुको नाम : सुब्बा सिं तामाङ<br>बाजेको नाम : दलमान तामाङ<br>ठेगाना : खनियापानी गा.वि.स.-६, रामेछाप<br>नागरिकता नं.: ३४२४९(२११०५०<br>जारी जिल्ला, मिति : रामेछाप, २०५३/०८/०३ | नाम : बसुन तामाङ<br>बाबुको नाम : मानबहादुर तामाङ<br>ससुराको नाम : सुब्बा सिं तामाङ<br>पतिको नाम : सम्देन तामाङ<br>ठेगाना : खनियापानी गा.वि.स.-६, रामेछाप<br>नागरिकता नं.: ४९१३४<br>जारी जिल्ला : रामेछाप, २०५७/१२/१२ |
| ८. | ऋणी : सविता तण्डुकार<br>बाबुको नाम : शान्तमान तण्डुकार<br>ससुराको नाम : नारायण बहादुर तण्डुकार<br>पतिको नाम : कृष्ण कुमार तण्डुकार<br>ठेगाना: का.म.न.पा-१०, बुद्धनगर<br>नागरिकता नं. : २१६४८/६५५<br>जारी जिल्ला,मिति : काठमाण्डौ, २०६२/०५/१३ | नाम : कृष्णकुमार तण्डुकार<br>बाबुको नाम : नारायण बहादुर तन्डुकार<br>बाजेको नाम: शिवलाल तन्डुकार<br>ठेगाना: का.म.न.पा-१०, बुद्धनगर<br>नागरिकता नं.: १२२०/९३०<br>जारी जिल्ला : काठमाण्डौ, २०४९/०५/०३ |
| ९. | ऋणी : कृष्ण बहादुर रानामगर<br>बाबुको नाम : नर बहादुर रानामगर<br>बाजेको नाम : जमदार रानामगर<br>ठेगाना: गागल भदौरे गा.वि.स-४, रामेछाप<br>नागरिकता नं.: ४२७८१/२११०४१/३६५९<br>जारी जिल्ला : रामेछाप, २०५६/०२/१० | नाम : चन्द्रकला रानामगर<br>बाबुको नाम : काजी बहादुर सारु मगर<br>ससुराको नाम : नर बहादुर रानामगर<br>पतिको नाम : कृष्ण बहादुर रानामगर<br>ठेगाना: गागल भदौरे गा.वि.स-४, रामेछाप<br>नागरिकता नं.: ४२८९६/२११०४१<br>जारी जिल्ला : रामेछाप, २०५६/०२/२३ |
| १०. | ऋणी : चेत बहादुर खत्री<br>बाबुको नाम : गणेश बहादुर खत्री<br>बाजेको नाम : मान बहादुर खत्री<br>ठेगाना : खोलागाउँ गा.वि.स.-०२, सिन्धुली<br>नागरिकता नं.: ४३३२८<br>जारी जिल्ला, मिति : काठमाडौं, २०५५/०२/०६ | नाम : होम बहादुर खड्का<br>बाबुको नाम : मेघ बहादुर खड्का<br>बाजेको नाम : जंग बहादुर खड्का<br>ठेगाना : दुधौली गा.वि.स.-०८, सिन्धुली<br>नागरिकता नं.: २५५२<br>जारी जिल्ला : सिन्धुली, २०५०/१०/६ |


## ओमन/कुवेतमा रोजगार

कम्पनी : MAKARMEM ALFIHA

पूर्व स्वीकृति मिति : २०८१/१२/03 | LT. No. 320472 | चलानी नं. ६०२३४७१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Coffee Maker | 0 | 1 | 170 | ६१,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Stella Company for Providing hot and cold drinks

पूर्व स्वीकृति मिति : २०८१/१२/03 | LT. No. 320478 | चलानी नं. ६०२३४७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Shop) | 10 | 0 | 150 | ६७,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९


## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/०६**

यस सा व उ स वाट संकलित खयर काठ ६६१.२६ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**बच्र्याङ सा. वन उपभोक्ता समूह, म्याग्दे १, तनहूँ ।**


## युएइमा रोजगार

कम्पनी : LAZOURDY CONTRACTING & GENERAL MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 320543 | चलानी नं. ६०२३४७३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gulf Return Mason | 25 | 0 | 1200 | ४३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer (Semi-Skilled) | 25 | 0 | 1200 | ४३,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०५/०६ मा दर्ता भएको **प्रा.लि. नं. १२५८१८/०७१/०७२** को **गिलो शक्ति इन्टरनेशनल प्रा.लि.** को मिति २०८१/१२/०५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

# Haldibari Rural Municipality

## Office of Rural Municipal Executive

**Jalthal, Jhapa, Koshi Province, Nepal**

## Invitation for Electronic Bids

**Second Date of publication : 2081-12-06 (2025-03-19)**

1. Haldibari Rural Municipality Invites Online Sealed Quotation for eligible bidders for the following Bids specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| Contract ID No | Name Of The Procurement | Bid Security Amount(Nrs) | Bid Document Fee (NRs) | Last date of bid submission | Bid opening Date |
|---|---|---|---|---|---|
| HRM/WORKS/ ROAD/SQ/18-081/082 | Construction of Different Civil Engineering Structure at Different Location of Haldibari Rural Municipality ward no 1 & 2 | 46,000.00 | 1,000.00 | 2025-04-03, 12:00 | 2025-04-03, 14:00 |
| HRM/WORKS/ ROAD/SQ/19-081/082 | Construction of Different Civil Engineering Structure at Different Location of Haldibari Rural Municipality ward no 3 & 4 | 34,000.00 | 1,000.00 | 2025-04-03, 12:00 | 2025-04-03, 14:00 |
| HRM/GOODS/ / SQ/21-081/082 | Procurement & supply of Electronic Goods at Haldibari rural municipality | 30,000.00 | 1000.00 | 2025-04-03, 12:00 | 2025-04-03, 14:00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office Of Haldibari Rural Municipality or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents Can Be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified Below
   Name of Bank : Citizens Bank International Ltd
   Name of Office : Haldibari Rural Municipality
   Office Account no.: 0630100000001202 (Haldibari Aantarik Rajaswa Khata)
   Office Account no.: 0630100000017201 (Haldibari Dharauti Khata)
4. Bids must be valid for a period of 45 days for Sealed Quotation after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All other conditions of the bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
7. The Employer reserves the right to accept or assigning any reason, whatsoever.

Chief Administrative Officer

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# आगलागीको जोखिमबाट बचौं र बचाऔं

**हिउँदयामसँगै सुख्खा मौसम सुरु भएको छ । सामान्यतया यो मौसम पतझरको मौसम हो । यो बेला पानीका मुलहरू विस्तारै सुक्ने समय हो । मौसममा बदलाव आएसँगै हुरी चल्ने समय पनि आउँदै छ । यस्तो मौसम आगलागीका लागि जोखिमपूर्ण समय हो । पछिल्ला दिनमा आगलागीका घटना पनि बढ्दै गएका छन् ।**

**मोरङको धनपालथान गाउँपालिका–७ कदमाहा टोलमा मंगलबार आगलागीमा परी एक बालिकाको मृत्यु भयो । यता उदयपुरको चौदण्डीगढी नगरपालिका–७ बेल्टारस्थित कल्याण चोकमा मंगलबार अपराह्न आगलागी हुँदा तीन घर जलेर नष्ट भएको छ भने एक करोड २५ लाख बराबरको क्षति भएको छ । भोजपुरमा हावाहुरीसँगै सोमबार लागेको आगलागीबाट १७ घर, आठ पाली र १० वटा गोठ जलेर नष्ट भएको छ । काभ्रेको दक्षिणी क्षेत्र बेथानचोक गाउँपालिका–३ बोल्देस्थित गोरखनाथ सामुदायिक वनमा आइतबार रातिदेखि लागेको डढेलो नियन्त्रणबाहिरै छ । यसैगरी खोटाङको हलेसी तुवाचुङ नगरपालिका–२ डिकुवाका विभिन्न सामुदायिक वनमा लागेको डढेलो गाउँ पस्दा एक विद्यालय र नौवटा घरगोठ जलेर नष्ट भएको छ । डढेलो गाउँ पस्दा स्थानीय बालकन्या आधारभूत विद्यालयको दुईकोठे भवनका साथै स्थानीयको घर तथा गोठ जलेर नष्ट भएको हो ।**

**सामान्यतया मानिसको लापरवाहीकै कारण आगलागीका घटना हुन्छन् । आगो लागेपछि यो निभाउन दक्ष जनशक्ति चाहिन्छ, अर्को यसबाट बच्ने उपायहरूको पनि जानकारी हुनुपर्छ । यसबारेमा नेपालमा न त पूर्वतयारी शिक्षा छ न त विपद्बाट बच्ने शिक्षाको अभ्यास । कतिपयले ख्यालख्यालमा जंगलमा लगाएको आगोले गाउँ नै सखाप बनाएका घटनाहरू पनि छन् । त्यसबारे सरकारले विशेष तयारी गर्नुपर्छ । रोकथामका उपायहरू बेलैमा अपनाए क्षति कम गर्न सकिन्छ । किनभने हामीसँग आगलागी भएपछि निभाउने क्षमता निकै कम छ ।**

**पहिलेपहिले सहरबीचमा पोखरी खनेर पानी जम्मा गर्ने चलन थियो । अहिले सहरमा अव्यवस्थित बसोबासका कारण खुला क्षेत्रको अभाव छ । पानी जम्मा गर्न बनाइएको पोखरीहरू सुख्खा छन् । जसकारण आगो लाग्दा निभाउने उपाय भनेको दमकल नै हो । तर साँघुरो गल्लीमा दमकल पस्न पनि सक्ने अवस्था हुँदैन ।**

**गाउँका दूरदराजमा दमकलको कल्पना गर्नै सकिन्न । पानी भएकोको ठाउँमा दमकल नहुने, दमकल भएको ठाउँमा पानी नहुने, आगलागी नियन्त्रणका आधुनिक उपायहरूमा सरकारको लगानी कमी हुनुका कारण पनि क्षति कम गर्न सकिरहेको हुन्न । त्यसैले यस्ता घटना हुनुभन्दा पहिले नै सचेत हुनेगरी पूर्वतयारी शिक्षा दिनु आजको आवश्यकता हो ।**

# संसद्को सम्मान नै राज्यको अपेक्षा



■ हरिविनोद अधिकारी

> संसद्को मर्यादा राखेमात्र सांसदको पनि मर्यादा रहने छ । नेपालको संविधानले राखेको अपेक्षा र नेपाली जनताले राखेको गतिशील राजनीतिको, विकासको चाहना र मुलुकको आधुनिकीकरणको चाहना पूरा गर्ने भनेको संसद्मार्फत सांसदहरूले हो । संसद्मा सरकारले प्रस्तुत गरेका योजनालाई परिमार्जित गरेर र जनताका आवश्यकता पूरा गर्न सरकारलाई बाध्य पार्ने काम संसद्मार्फत सांसदहरूले हो । अनिमात्र संसदीय व्यवस्थाको महत्त्व र मर्मको सही प्रतिनिधित्व हुने छ ।

संसदीय व्यवस्थाको जननी भनेर बेलायतलाई मानिन्छ । बेलायती तरिकाको संसदीय व्यवस्थामा संसद्मा जनताबाट निर्वाचित प्रतिनिधि रहन्छन् । त्यही संसद्बाट सरकारको गठन हुन्छ । व्यवस्थापिका अर्थात् संसद्का अनेक स्वरूप हुनसक्छन् एक सदनात्मक र दुई सदनात्मक । संसदीय व्यवस्थामा आवधिक निर्वाचनको प्रक्रिया मान्ने संस्थाको रूपमा विशेषता रहेको संसद्ले नै राष्ट्रका सम्पूर्ण समस्याको समाधान गर्ने भन्ने ठानेर बेलायतमा १३औं शताब्दीदेखि अनवरतरूपमा अभ्यासमा छ र विश्वभरका संसदीय व्यवस्थाको आदर्शका रूपमा बेलायती शासन प्रणालीलाई मानिन्छ ।

हाम्रो देशमा पनि राणाकालीन बेलादेखि संसदीय व्यवस्थाको परिकल्पना गरेका थियौं तर राणाकालीन समयमा त्यो शासकबाट प्रत्यक्ष निर्देशित हुने प्रावधान भएकाले त्यसले प्रजातान्त्रिक रूप लिन सकेन तर २००७ सालपछि भने पहिले सल्लाहकार सभाका रूपमा अनि २०१५ सालको नेपाल अधिराज्यको संविधानअनुसार भएको पहिलो आमनिर्वाचनले दुई सदनात्मक संसद्को व्यवस्था गर्‍यो र तल्लो सदन प्रतिनिधिसभा प्रत्यक्ष निर्वाचित सांसदहरूको सभा र राष्ट्रका विभिन्न पक्षहरूको प्रतिनिधित्व गराउनका लागि महासभाका रूपमा गठन गरियो ।

संसद् जनताको प्रतिनिधित्व गर्ने संस्थाको रूपमा नै लिइन्छ र संसदीय व्यवस्थाको प्रमुख विशेषता नै यहीँबाट बहुमत प्राप्त गर्ने दलले सरकारको गठन गर्छ । प्रत्येक प्रजातान्त्रिक व्यवस्थामा सरकार बन्ने, विघटन हुने र संसद्को गठन र विघटनका आफ्ना विशेषतायुक्त संवैधानिक प्रावधान हुन्छन् । त्यसो त प्रजातन्त्रको निरन्तर प्रयोगको इतिहास भएको बेलायतमा लिखित संविधान नभए पनि प्रचलित परम्परा र प्रजातन्त्रको विकासका लागि तयार गरिएका विभिन्न प्रकारका ऐनहरूले प्रजातन्त्रभित्र संसद्को गरिमालाई अक्षुण्ण राखिएको पाइन्छ ।

हाम्रो नेपालमा तयार गरिएका २०१५ र २०४७ सालमा तयार पारी अभ्यासमा आएका नेपाल अधिराज्यका संविधानहरूका विशेषताहरूमा धेरैजसो बेलायतको संसदीय परम्पराको झझल्को आउने खालका थिए भने २०७२ सालको संविधानले भने नेपाललाई गणतन्त्रात्मक देशका रूपमा संविधानको व्यवस्था गरिएको छ । वि.सं. २०७२ को नेपालको संविधानले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहीत रहेको मानेको छ र यसको प्रयोग संविधानमा व्यवस्था भएबमोजिम हुने भनिएको छ । यसैगरी, नेपाल राज्य भन्नाले नेपाल स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादोन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य मानिएको छ ।

नेपालको संविधानको भाग ८ मा संघीय व्यवस्थापिकाको व्यवस्था गरिएको छ, जसमा दुई सदनात्मक प्रतिनिधिसभा र राष्ट्रिय सभाको व्यवस्था छ । प्रतिनिधिसभामा २७५ सदस्य हुन्छन्, जसमा १६५ जना धेरै मत ल्याउने उम्मेदवारले जित्ने छन् भने ११० जना दलहरूले पाउने मतका आधारमा समानुपातिक मनोनयनबाट छानिने व्यवस्था छ । यसरी समानुपातिक सदस्यहरूको नामावली निर्वाचन आयोगमा पेस गर्दा वा निर्वाचन आयोगलाई त्यस्तो बन्दसूची पेस गर्दा संविधानअनुसारका विभिन्न समूहबाट प्रतिनिधित्व गराउने गरी दिनुपर्छ । यसैगरी स्थायी सदनका रूपमा मानिने राष्ट्रिय सभा ५९ सदस्यीय हुने छ जसमा ५६ जना प्रादेशिकरूपमा समावेशी प्रतिनिधित्व गराउनुपर्ने छ र तीन जना नेपाल सरकारको सिफारिसमा कम्तीमा एक महिला पर्नेगरी मनोनीत गर्ने अधिकार राष्ट्रपतिलाई दिइएको छ ।

हाम्रो २०७२ सालको संविधानले बेलायती संसद्को भन्दा फरक तरिकाले जनप्रतिनिधित्व गराउने तरिका अपनाएको छ । यो पूर्णसमानुपातिक पनि छैन, जनताबाट सीधै निर्वाचन लडेर जित्ने मात्र प्रतिनिधिहरू पनि छैनन् । यसलाई मिश्रित प्रणाली पनि भनिन्छ तर पनि सरकार बनाउनका लागि भने प्रतिनिधिसभामा बहुमत ल्याउने दलको संसदीय दलको नेता वा कसैको बहुमत नभएको बेलामा प्रतिनिधिसभामा बहुमत प्राप्त गर्ने प्रत्याभूति दिलाउने सांसदलाई सम्माननीय राष्ट्रपतिले प्रधानमन्त्रीका रूपमा सरकार बनाउन आह्वान गरिने चलन छ । अर्थात् प्रधानमन्त्री संसद्मार्फत जनताप्रति जवाफदेही हुनेगरी संवैधानिक प्रक्रिया राखिएको छ । सरकार प्रधानमन्त्रित्व प्रणालीमा चलेको छ र प्रधानमन्त्रीले चाहँदा सांसद नभएको व्यक्ति पनि मन्त्री गराउन सक्ने छन् तर छ महिनाभित्रमा तल्लो या माथिल्लो सदनमा प्रतिनिधित्व हुनैपर्छ ।

हाम्रो परम्परागत तरिकाले पनि काम गरेको छ, जसले संसदीय व्यवस्थाका आधारमा शासन प्रणाली चलाइएको छ । प्रदेशमा भने एक सदनात्मक प्रणाली हुन्छ र सांसदमात्रै मन्त्रिपरिषद्मा रहने व्यवस्था छ । हामीले कल्पना गरेको संसद्ले संविधानका आधारभूत विषयमाबाहेक संविधान संशोधन गर्न सक्छ । त्यसका लागि संविधान संशोधन गर्ने प्रस्तावित विधेयकलाई दुवै सदनको दुईतिहाइ मतले पारित गर्नुपर्छ ।

संसारका संसदीय प्रणाली भएका मुख्य देशहरूमा बेलायत, भारत, जापानजस्ता देशमा संसद्ले नै राष्ट्रिय समस्या समाधान गर्ने मुख्य थलो संसद्लाई मानिन्छ । हामीले पनि मुलुकका सबै राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विवादका कुराहरू र देखिने सम्पूर्ण राष्ट्रिय समस्या संसद्ले नै समाधान गर्ने छ भन्ने मान्यता राखिएको छ ।

यता केही वर्षदेखि संसद्का काम कारबाहीमा निष्क्रियता देखिएको भनेर राजनीतिक पर्यवेक्षकहरूले भन्न थालेका छन् । त्यसका कारणहरूमा मौलिक हकका लागि आवश्यक ऐनहरू अझसम्म तयार गर्न नसकेको विषयलाई लिइएको छ । संघीय संसद्को तल्लो सदन प्रतिनिधिसभाका कतिपय माननीय सांसदहरू संसद् अधिवेशन भएका बेलामा हाजिर गरेर निस्कने गरेकाले गणपूरक संख्या नपुगेर महत्त्वपूर्ण विधेयकहरू प्रस्तुत हुन नसकेको समाचार आउँदा मतदाताहरूको मन कुँडिन्छ । यसले एकातिर सांसदहरू आफू जे कामका लागि जनताको अमूल्य मतले संसद्मा प्रवेश गरेका हुन्, त्यसप्रति कति सचेत छन् भन्ने नकारात्मक सन्देश प्रवाहित गरेको पाइन्छ भने अर्कोतिर संसद्को गरिमाप्रति औंलो ठडयाउनेलाई यसले बल पुर्‍याउँछ । यसो हुँदा संसद्ले आफ्नो गरिमा घटाउँदै गएको भनेर दोष लगाउनेहरूले औंलो ठडयाउनेलाई र संसदीय व्यवस्थाका विरोधीहरूलाई मौका दिएको ठहर्छ ।

संसद्को गरिमा हामीले राख्ने हो । संसद् आफैं केही बोल्दैन तर आफ्ना कर्तव्यप्रति सचेत रहेको भनेको संविधान, ऐन, नियमावलीले देखाउँछ । संसद् बोल्ने भनेको सभामुखमार्फत हो । त्यसैले सांसदहरूले नियमानुसार बोल्दा सभामुखलाई सम्बोधन गरेर उनीमार्फत आफ्ना कुरा सार्वजनिक गरिन्छ, चाहे त्यो सरकारले गरोस् या सांसदले गरुन् ।

केही दिनअघि राष्ट्रिय समाचार समितिले विभिन्न दलका मुख्य सचेतक, सचेतकहरूसँग अन्तरक्रिया कार्यक्रम गरेका बेलामा सहभागी भएकाहरूले जिज्ञासा उठाएका थिए- अध्यादेश पारित हुने या नहुने, विधेयक संशोधन गर्ने या नगर्ने या पारित गर्ने या नगर्ने तपाईंहरूको कर्तव्य हो तर जे कामका लागि संसद् छिर्नुभएको हो, संसद्मा उपस्थिति त बेलैमा जनाउन लगाउनुस्, संसद्को बैठक चलुञ्जेल सबै दलका सांसदहरू संसद्भित्रै उपस्थित गराउनुस् । अनि मुख्य सचेतकहरूले 'हाम्रो कोसिस रहने छ, के गर्नु, सांसदज्यूहरू हाजिर गरेर हिँड्नुहुन्छ' भन्ने जवाफ दिएका थिए ।

संसद्को बैठक खुला नै हुन्छ सामान्यतया, खासगरी प्रतिनिधिसभामा खालीखाली देखिन्छ । बेलुका समाचार आउँछ, सांसदहरू हाजिर गरेर हिँडेकाले कोरम पुगेन र विधेयक प्रस्तुत हुन सकेन । वास्तवमा जनताले, प्रत्यक्ष या अप्रत्यक्षरूपमा होस्, सांसदलाई संसद्मा भूमिका निर्वाह गर्न पठाएको हो । काम धेरै छ भने राजीनामा दिएर आफ्ना कामहरू गर्न स्वतन्त्र हुन सकिन्छ । होइन भने पाँच वर्ष या छ वर्षका लागि चुनिएका सांसदहरू (संघीय या प्रदेशसभामा जहाँ भए पनि) को कर्तव्य हुन्छ जनताका अति जरुरी कामका बारेका संसद्मा सूचना दिने, सरकारलाई सचेत गराउने, सभामुखमार्फत निर्देश दिन लगाउने काम गर्नुपर्छ । सांसदहरू संसद्मा सहभागी नभई कहाँ गए त ? व्यक्तिगत काममा ? नियमअनुसार सभामुख या अध्यक्षलाई जानकारी हुनुपर्छ । संसदीय व्यवस्था भनेको अराजक व्यवस्था हैन, झन् नियम कानुनको राज्यका लागि कानुन बनाउने ठाउँ हो । सांसदको पहिलो दायित्व संसद्प्रति र संसद्मार्फत जनताप्रति हुन्छ ।

सभामुख र अध्यक्षले पनि सांसदहरूको उपस्थितिलाई कोरमसम्म मात्र सीमित नगरी सबै सांसदहरूलाई सकेसम्म अनिवार्य उपस्थितिका लागि निर्देश दिनुपर्ने हुन्छ । कोही बिरामी होलान् या कतै जानुपर्ने होला सरकारी काममा, संसद्का काममा, जनताका काममा । सभामुख वा अध्यक्षको अनुमति लिएर जान सकिन्छ । संसद्को मर्यादा राखेमात्र सांसदको पनि मर्यादा रहने छ । नेपालको संविधानले राखेको अपेक्षा र नेपाली जनताले राखेको गतिशील राजनीतिको, विकासको चाहना र मुलुकको आधुनिकीकरणको चाहना पूरा गर्ने भनेको संसद्मार्फत सांसदहरूले हो । संसद्मा सरकारले प्रस्तुत गरेका योजनालाई परिमार्जित गरेर र जनताका आवश्यकता पूरा गर्न सरकारलाई बाध्य पार्ने काम संसद्मार्फत सांसदहरूले हो । अनिमात्र संसदीय व्यवस्थाको महत्त्व र मर्मको सही प्रतिनिधित्व हुने छ । *रासस*

# अबको निकास राजासहितको प्रजातन्त्र



■ नवराज धमला

> अहिले देशमा विभिन्न खाले शक्ति छन् । मुख्यगरी तीनवटा शक्ति छन् । एक नम्बरमा परिवर्तनकारी शक्ति, दुई नम्बरमा प्रजातान्त्रिक शक्ति र तीन नम्बरमा राष्ट्रवादी शक्ति छन् । यी तीनवटै शक्तिहरु देशमा आवश्यक छन् । यी तीनै शक्तिले एकले अर्कोलाई सिध्याउँछु भनेर लागे भने आफू पनि सिद्धिन्छन् । देश पनि सकिन्छ ।

हरेक देशको धर्म, भाषा, संस्कृति, भेषभूषा आ-आफ्नै हुन्छ । राष्ट्रको इतिहासमा टेकेर हरेक निकायहरूले आत्मनिर्भर हुनेगरी प्रदेशहरूलाई त्यहाँ रहेका वस्तुहरूलाई पहिचान गरी औद्योगिकीकरण गर्नुपर्छ । त्यहाँभित्र रहेका जनतालाई पनि धनी बनाउने अनि प्रदेश पनि समृद्ध हुने र हरेक प्रदेशले संघ सरकारलाई पनि सघाउनेगरी अब हरेक प्रदेश औद्योगिक प्राधिकरणमा रूपान्तरण हुनुपर्छ । तबमात्रै त्यहाँ भएका बेरोजगार युवा शक्तिले पनि रोजगारी पाउने अवस्था रहन्छ । शिक्षा प्रणाली पनि प्रदेश सुहाउँदो रोजगारमूलक हुनुपर्छ । यस ठाउँमा रहेका दक्ष जनशक्ति जो नेपालमा काम गर्न चाहन्छन् उनीहरूलाई यही काम दिने र जो विदेश जान चाहन्छन् उनीहरूलाई औद्योगिक प्राधिकरणमा दुई वर्ष काम गराएर अनि दक्ष बनाई विदेश पठाउने व्यवस्था हुनुपर्छ । यो औद्योगिक प्राधिकरणलाई प्रदेशमा शक्तिशाली संयन्त्रको रूपमा राखिनुपर्छ ।

अहिले देशमा विभिन्न खाले शक्ति छन् । मुख्यगरी तीनवटा शक्ति छन् । एक नम्बरमा परिवर्तनकारी शक्ति, दुई नम्बरमा प्रजातान्त्रिक शक्ति र तीन नम्बरमा राष्ट्रवादी शक्ति छन् । यी तीनवटै शक्तिहरू देशमा आवश्यक छन् । यी तीनै शक्तिले एकले अर्कोलाई सिध्याउँछु भनेर लागे भने आफू पनि सिद्धिन्छन् । देश पनि सकिन्छ । परिवर्तनकारी शक्तिले देशविदेशमा आजको नयाँ युगको खोजी र अनुसन्धान खोजिरहेको छ । हामीसँग रहेका जल, जमिन र जंगलभित्र रहेका वस्तु पहिचान गरी आधुनिक किसिमको औद्योगिकीकरण गर्दै राष्ट्रलाई समृद्ध बनाउने काममा लाग्नुपर्छ । परिवर्तनकारी शक्ति भनेको श्रमजीवी शक्ति हो ।

अब प्रजातान्त्रिक शक्तिको कुरा गरौं । हाम्रो देश धेरै वर्षअघि देखि नै राष्ट्रिय अन्तरर्राष्ट्रिय मित्रता कायम गर्दै छिमेकीहरूसँग मित्रता सद्भाव आदानप्रदान गरिरहेको देश हो । उनीहरूसँग कूटनीतिक तरिकाबाट देशलाई सहयोग पुग्नेगरी मित्रता कायम गर्नुपर्छ । र, देशलाई समृद्ध बनाउनेगरी मित्रताको हात फैलाउनुपर्छ । प्रजातान्त्रिक शक्तिहरूले नारामामात्र होइन वास्तविकरूपमै देश र जनतालाई फाइदा हुने किसिमको व्यवहार सम्झौता गर्नुपर्छ । प्रजातन्त्रमात्र भनेर भएन अब जनताको गाँस, बास र कपासमा पनि प्रजातन्त्रवादीहरूले ध्यान दिन जसरी देखिएको छ ।

अब राष्ट्रवादी शक्तिहरूको कुरा गरौं । यो शक्ति भनेको देशको माटो र भूगोलले बनाएको शक्ति हो । यसले सामाजिक एकता, धर्म-संस्कृति, सामाजिक रीतिरिवाजलाई संरक्षण गर्दै नेपाल भन्ने देशको छुट्टै इतिहास जोगाउन योगदान गरेको शक्ति हो । जस्तैः पृथ्वीनारायण शाहले बाइसे-चौबिसे राज्यमा विभक्त राज्यलाई एकीकरण गरी १४ अञ्चल ७५ जिल्ला र पाँच विकास क्षेत्र बनाए । हिमाल, पहाड, तराईलाई एक ढिक्का बनाइ हरेक जाति, वर्गलाई एउटै मालामा रूपान्तरण गरेकोले आज हामीले यो नेपाल हाम्रो हो भनेर गर्व गर्न पाएका छौं । राजा महेन्द्रले हरेक कलकारखाना, बाटो घाटोको विकास गरी नेपाललाई कृषिप्रधान देश र हिन्दू राष्ट्र घोषणा गरेर ऐतिहासिक योगदान गर्नुभयो । आज त्यसैको जगमा उभिएर हामी राष्ट्रवादीहरू अघि बढिरहेका छौं । यतिबेला हामीलाई देशै नरहने हो कि भन्ने चिन्ता छ । हामी देश बचाउने अभियानमा छौं ।

पूर्वराजा ज्ञानेन्द्र शाह एउटा व्यक्तिमात्र नभएर देशको इतिहास बनाएको शक्ति हो । हाल देशमा भइरहेको राजनीतिक सामाजिक आर्थिक अवस्था र युवाहरू दिनदिनै विदेसिनुपरिरहेको अवस्था हेर्दा देशको विकल्प राजसंस्था मात्र हो । अब देशै नरहने हो कि भन्ने जनताले चिन्ता गरिरहेको समयमा पूर्वराजा ज्ञानेन्द्रले आफूलाई साथ दिन आह्वान गर्नु स्वाभाविक हो । यो सबै देश चलाइरहेका दलहरूको असफताको कारणले हो । गणतन्त्रवादीहरूलाई देशको चिन्ता देखिएन, जनताको चिन्ता देखिएन । आफू र आफ्ना कार्यकर्तालाई मात्र धनी बनाउने अभियानमा जुटेको कारण र देशको माया पनि नदेखिएको कारणले जनताले नै पूर्वराजालाई सक्रिय बनाउन चाहेको अवस्था छ । 'जननी जन्मभूमि' हरेक नागरिकलाई उत्तिकै प्यारो हुन्छ । अब देशमा राष्ट्रपतिको ठाउँमा राजा चाहिन्छ भनेर मात्र हामीले भनेका छौं । राजासहितको प्रजातन्त्र यो देशका जनताले चाहेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) यही अभियानमा छ । संविधान सशोधन गरेर होस् अथवा संविधान नै परिवर्तन गरेर होस् हामी प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री अनि राष्ट्राध्यक्षको ठाउँमा राजा राख्न चाहन्छौं । साथै सांसदको ठाउँमा विज्ञहरूलाई मन्त्री बनाउने व्यवस्था गर्नुपर्छ । प्रदेशलाई कि खारेज गर्नुपर्‍यो कि औद्योगिक प्राधिकरणको हेडक्वार्टर बनाउनुपर्‍यो । जसरी हुन्छ स्थानीय तहलाई बलियो बनाउनुपर्छ । साथै, नागरिकलाई शिक्षा, स्वास्थ्य, रोजगारसम्बन्धी ऐन बनाइ सुविधा सम्पन्न नागरिकका रूपमा स्थापित गर्नुपर्छ ।

मानिसलाई अहिले अनावश्यक चिजहरूमा बढी रुचि भएको छ । देशमा रोजगारी छैन । १० प्रतिशत व्यक्तिले देश र जनतालई लुटिरहेका छन् । विलासी वस्तुहरू विदेशबाट भित्र्याएर सुविधा लिने बानी बसेको छ । यही पाइरहेको सुविधालाई कसरी जोगाउने भन्ने उद्देश्यले भ्रष्टाचार गर्ने बानी बसेको होला । सबैभन्दा पहिला यी व्यक्तिहरूलाई पसिनाको कमाई खाने बानी बसाल्नुपर्‍यो । यी सबै व्यक्तिलाई प्रदेशमा औद्योगिक प्राधिकरणको हेडक्वार्टरमा तालिम दिई १६ घण्टा काम गराउनुपर्छ ।

जबसम्म देशमा आयात निर्यात समान हुँदैन, तबसम्म यो महँगाइ पनि यसैगरी वृद्धि भइरहन्छ । कृषिप्रधान देश भने पनि कृषि उत्पादन पर्याप्त छैन । कृषिमा काम गर्ने श्रमजीवी जनशक्ति विदेसिएको अवस्था छ । स्वदेशी उद्योग कलकारखानामा तालाबन्दी भएर बसेका छन् । जबसम्म राष्ट्रले जल, जमिन र जंगललाई केन्द्रिकृत गरेर औद्योगिकीकरण गर्दैन यो महँगीको अवस्था रही नै रहने छ ।

अब राष्ट्रवादी शक्तिहरू एक भएर राष्ट्रहितको लागि आत्मनिर्भर हुने र विदेशीहरूसँग मित्रता कायम राख्नुपर्छ । साथै राष्ट्र, राष्ट्रिय स्वाधीनताको संरक्षण गर्दै नेपाल र नेपालीलाई धनी बनाउने र विदेशीहरूको सामु नेपालीहरूको शिर कहिल्यै नझुक्नेगरी सम्पूर्ण पार्टी, बुद्धिजीवी, व्यापारी मिलेर राष्ट्रको आन्तरिक समस्याहरूमा वार्ता गरी समाधानको खोजी गरिनुपर्दछ ।

*(लेखक राप्रपाका युवा नेता हुन्)*

श्रम सरोकार

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) गन्तव्य मुलुकका दलालहरुबाट होसियार

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरुले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २. धार्मिक तथा स्थानीय कानुनको पालना

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३. आफ्नो सुरक्षा

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरुमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४. काममा लगनशील हुनुपर्ने

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५. ठेगाना र सम्पर्क नम्बर

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरुसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरुपमा आउने समस्याहरु समाधानमा सहजता हुने छ ।

# डढेलो गाउँमा पस्दा एक विद्यालयसहित नौ घर जले

खोटाङ- यहाँको हलेसी तुवाचुङ नगरपालिका-२ डिकुवाका विभिन्न सामुदायिक वनमा लागेको डढेलो गाउँ पस्दा एक विद्यालय र नौवटा घरगोठ जलेर नष्ट भएको छ ।

डढेलो गाउँ पस्दा स्थानीय बालकन्या आधारभूत विद्यालयको दुईकोठे भवनका साथै छुम्पाडस्थित डाँडाबारीका अदम राई, पाँचभैयाटारका नगेन्द्र राई र सम्बरबहादुर राई, बाघखोरका रणबहादुर राई, सिद्धथानका पविन्द्रकुमार राई र हिराधन राई, लाङ्माका कृष्णबहादुर राई, चयनकुमार राई र टंकबहादुर राईको घर तथा गोठ जलेर नष्ट भएको हो ।

गत आइतबार रातिदेखि डिकुवाको नामेल्खा क्षेत्रको सामुदायिक वनमा डढेलो सुरु भएको थियो । 'गाउँ पसेको डढेलो अहिले निभाइएको छ । छुम्पाङ क्षेत्रमा लागेको आगो गएराति निभाउन सफल भयौं,' उनले भने, 'नेपाली सेना, सशस्त्र, जनपथ, नगरप्रहरी, स्थानीयलगायतले डढेलो निभाएका हुन् । भर्जेडाँडा क्षेत्रको सामुदायिक वनमा अहिले पनि डढेलो लागिरहेको छ। त्यसलाई निभाउने प्रयास गरिरहेका छौं ।'



डढेलो निभाइएपछि सदरमुकामबाट खटिएका नेपाली सेना, सशस्त्र तथा जनपथ प्रहरीको टोली फर्काइएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरेले जानकारी दिए । 'जिल्ला विपद् व्यवस्थापन कोषबाट तत्काल प्रतिघरपरिवार १५ हजार रूपैयाँ, त्रिपाल र कम्बल एक/एक थान उपलब्ध गराएका छौं । उनीहरूलाई थप राहत र पुनःस्थापनाका लागि पहल भइरहेको छ,' उनले भने ।

आगलागी तथा डढेलोले कृष्णबहादुर राईको गाईको माउबाछा, सम्बरबहादुर राईको दुई माउ बाखा र च्यानटारका छोटे राईको १० माउ बाखा जलेर मरेको जनाइएको छ । स्थानीय लाङ्मा पाखामा चरनका लागि छाडिएका छोटे राईको १० माउमध्ये सातवटा जलेर मरेको अवस्थामा भेटिएको र तीनवटा नभेटिएको वडाध्यक्ष राईले जानकारी दिए ।

डिकुवामा भएको आगलागीपीडित घर परिवारलाई नगरपालिकाको तर्फबाट प्रतिघर १० हजार रूपैयाँका दरले नगद तथा दैनिक उपभोग्य सामग्री उपलब्ध गराइएको नगरप्रमुख विमला राईले जानकारी दिइन् । 'डिकुवामा भएको आगलागीका घटनाको क्षति विवरण आइसकेको छैन । विवरण संकलन गर्न टोली परिचालन गरिएको छ,' उनले भनिन्, 'मानवीय क्षति भएको छैन । घटना भएको स्थान सुख्खाग्रस्त भएकाले ठूलो क्षति व्यहोर्नुपर्‍यो ।' *रासस*

# भोजपुरमा १७ घर, आठ पाली र १० गोठ जले

**टक्सार (भोजपुर)**- भोजपुरमा हावाहुरीसँगै सोमबार लागेको आगलागीबाट १७ घर, आठ पाली र १० वटा गोठ जलेर नष्ट भएको छ । जिल्ला प्रहरी कार्यालय भोजपुरको विवरणअनुसार आगलागीबाट ती संरचनाहरू नष्ट भएका हुन् ।

नजिकैको पारपानी टटंगेडाँडास्थित इनामे सामुदायिक वनमा लागेको आगो बस्तीसम्म आइपुग्दा भोजपुर नगरपालिका-१२ पारपानीका स्थानीय शम्भु चापागाईंको पाली, सोभित श्रेष्ठको घर पाली, गोमा दर्जीको घर, रामबहादुर कार्कीको घर पाली, गोपीकृष्ण धमलाको पाली, रूद्रप्रसाद ढकालको घर पाली, शेखर धमलाको घर, तीर्थप्रसाद सुवेदीको घर पाली, चन्द्रप्रसाद सुवेदीको घर, रामबहादुर कार्कीको घर पाली र गोविन्द चापागाईंको पाली नष्ट भएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।

यस्तै हावाहुरीसँगैको आगलागीले भोजपुरको रामप्रसाद राई गाउँपालिका वडा नं ४, दलगाउँ केराबारीमा चार घर जलेर नष्ट भएको छ भने दुई वटा गाईगोठ र तीन वटा सुँगुरसमेत जलेर मरेको छ । स्थानीय कुमार राईको ढुंगामाटाले बनेको घर, गजेन्द्र राईको घर, उमेश राईको घर र मानबहादुर तामाङको घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

यस्तै चण्डीराज राईको गाईगोठ, कोपिला राईको गोठ पनि नष्ट भएको छ । बाँसघारीमा लागेको आगो सल्कदै बस्तीसम्म पुग्दा क्षति भएको हो । जिल्लाको पूर्वी अरूण गाउँपालिका-७, सिक्रेटारस्थित जलसिंह सामुदायिक वनमा लागेको आगोले स्थानीय दत्तनारायण श्रेष्ठको ढुंगा माटोले बनेको घर र गाईगोठ र राजकुमार तामाङको घर जलेको छ भने भेषराज कोइरालाको गोठ, मित्रबहादुर राईको गोठ, विक्रम राईको गोठ पनि जलेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।

अरूण गाउँपालिकाको वडा नं ४ मा वनमा लागेको डढेलो सल्कदा स्थानीय सीतादेवी भुजेलको ढुंगामाटोले बनेको घर र गोठ जलेको छ भने दानबहादुर भुजेलको खाली घर र कमला देवी भुजेलको फुसको छानो भएको गोठसमेत जलेर नष्ट भएको अस्थायी प्रहरी पोस्ट चरम्बीले जनाएको छ ।

आगलागीबाट भोजपुरको दक्षिण हतुवागढी गाउँपालिका वडा नं ६, माटोखानीका जयनारायण राईको ढुंगा र माटोले बनेको एकतले घर, गोठ र तीन वटा बाख्रासमेत जलेर मरेका छन् । इलाका प्रहरी कार्यालय घोडेटारका अनुसार आगलागीबाट एक लाख ८८ हजार बराबरको क्षति भएको छ । *रासस*


राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समिति

## कार्यक्रम कार्यान्वयन इकाई

सलकपुर, मोरङ

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१/१२/०६)

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिम बोलपत्रका लागि तपसिलको बोलपत्रदाताको वोलपत्र स्विकृत गर्न मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | वोलपत्रको विवरण | बोलपत्रदाताको विवरण | कवोल रकम रू. |
|---|---|---|---|
| १ | Construction of RCC Ghat in Barsain Pokhari, Bodebarsain- 5, Saptari Contract ID# PCTMCDC_PIU_SALAKPUR/Works/NCB/01/2081-082 | एम.बि. कन्स्ट्रक्सन, जहदा ०१, मोरङ | १४,९५,९८०.८१ |
| २ | Riverbank Stabilization and Management Contract ID# PCTMCDC_PIU_SALAKPUR/Works/NCB/02/2081-082 | सन्तोष कन्स्ट्रक्सन, कंचनरुप-१०, सप्तरी | १९,१५,५४९.७३ |
| ३ | Wetland Conservation and Management., Ratuwamai-05, Sunbarshi Pokhari, Morang. Contract ID# PCTMCDC_PIU_SALAKPUR/Works/NCB/03/2081-082 | दधिना कन्स्ट्रक्सन प्रा. लि., सुनबर्षि ०२, मोरङ | २४,७६,५२०.१९ |



## सडक डिभिजन भक्तपुर

कटुञ्जे, भक्तपुर

बागमती प्रदेश, नेपाल

### सार्वजनिक सुनुवाई सम्बन्धि सूचना

प्रकाशित मितिः २०८१/१२/०६

यस कार्यालयद्वारा बागमती प्रदेश, सिन्धुली जिल्ला अन्तर्गतको सुनकोशी गाउँपालिकाको वडा नं. १ र काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गतको रोशी गाउँपालिका वडा नं. ७,८,९,११,१; नमोबुद्ध नगरपालिका वडा नं. ४, ७ क्षेत्रभित्र तपशिल बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागेकोमा सो प्रस्ताव कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सिलसिलामा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकाले उल्लेखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई आयोजना गरिएकोले प्रभावित हुने क्षेत्रहरूको भौतिक, जैविक, रसायनिक, साँस्कृतिक र आर्थिक तथा सामाजिक प्रणाली, यिनका अवयवहरूको अन्तरक्रिया तथा अन्तरसम्बन्धमा के-कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्ताव प्रभावित क्षेत्रमा पर्ने सरोकारवाला व्यक्ति, जनप्रतिनिधि तथा संघसंस्थाको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| प्रस्तावकको नाम र ठेगानाः सडक डिभिजन भक्तपुर, कटुञ्जे, भक्तपुर | | |
|---|---|---|
| क्र.स. | प्रस्तावको नाम | प्रभाव पर्न सक्ने वडा |
| १. | "बि. पी राजमार्ग अन्तर्गत नेपालथोक- भकुण्डेबेसी (२७.९६४ कि.मि.) सडक खण्ड पुनस्थापना लागि प्रारम्भिक वातावरणीय परीक्षण" | सुनकोशी गाउँपालिकाको वडा नं. १<br>रोशी गाउँपालिका वडा नं. १,७,८,९,११;<br>नमोबुद्ध नगरपालिका वडा नं. ४, ७ |

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समयः**

**मिति**: २०८१/१२/१०, आईतबार
**समय**: बिहान ११ बजे
**स्थान**: सुनकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय भवन
**मिति**: २०८१/१२/११, सोमबार
**समय**: बिहान ११ बजे
**स्थान**: रोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय भवन
**मिति**: २०८१/१२/१०, आईतबार
**समय**: बेलुका ३ बजे
**स्थान**: नमोबुद्ध नगरपालिका, नगरकार्यपालिकाको कार्यालय भवन



Bagamati Province Government

Ministry Of Social Development

## Social Development Office

Dhulikhel, Kavrepalanchowk

### Invitation for Quotations

**Date of publication: 2081/12/06 (19/03/2025)**

1. Social Development Office, Dhulikhel, Kavrepalanchowk invites sealed quotations for the **Construction of Two room Building of Shree Ram Mawi, Panchkhal-13, Kavrepalanchowk .**The estimated amounts for the works is NRs.1681140/99 (Exclusive VAT and PS)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Social Development Office, Dhulikhel, Kavrepalanchowk, Phone no**:-011-661492.**
3. A complete set of Bidding Documents may be purchased from the office **Social Development Office, Dhulikhel, Kavrepalanchowk** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2081/12/20(02/04/2025) during office hours.
   **Information to deposit the cost of bidding document in Bank:**
   Cost of Bidding document NRs 1000
   Name of the Bank :- Rastriya Banijya bank,Dhulikhel branch,Kavre
   Name of Office :- Social Development Office, Dhulikhel, Kavrepalanchowk
   Office Code no. :- 3500126013
   Inland Revenue Account no (for Cost of Bidding document) Revenue Account :- 1000100200010000 (Rajaswa Shirsak no.:14229)
   Dharauti Account no (for Bid Security) Deposit Account:- 1040100202030000 (KHA-2-3:Dharauti A/C/PRA.LE.IK.KA)
4. Sealed bids must be submitted to the office Social Development Office, Dhulikhel, Kavrepalanchowk by hand on or before 12:00 noon on 2081/12/21 (03/04/2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2081/12/21 (03/04/2025) at the office of Social Development Office, Dhulikhel, Kavrepalanchowk. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security. The bid security amounting NRs 45000/- shall be valid for 30 days beyond the validity period of the bid.
6. The Social Development Office, Kavre reserves the right to accept or reject, wholly or partly and or all the bids without assigning reason, whatsoever.



## उर्लाबारी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८१/११/०६)

यस नगपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्यांकित तथा सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं | आयोजनाको नाम | स्वीकृत फर्म | कवोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| URL-MawaBeautification-Ward7-W-NCB-25-081/82 | Mawa Saunadaryikaran Pariyojana, Urlabari-7, Morang | D.Kusum Construction Pvt.Ltd | 25,41,428.59/- |



## दोधारा चाँदनी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

दोधारा चाँदनी, कञ्चनपुर

सुदुरपश्चिम प्रदेश, नेपाल

### सूचिकृत हुन आउने बारे सूचना

(प्रकाशित मिति : २०८१/१२/०६)

प्रस्तुत बिषय सम्बन्धमा यस पालिकाको चालु आ.ब. २०८१/०८२ मा राष्ट्रिय एम्बुलेन्स सन्चालन निर्देशिकाले तोकेबमोजिमको ख बर्गको एम्बुलेन्स थान १ एक खरिद गर्ने योजना रहेकोले ईच्छुक आपुर्तिकर्ता फर्म, कम्पनीले यो सूचना प्रकासित भएको मितिले ७ सात दिन भित्र यस कार्यालयमा सुचिकृत हुन सम्बन्धीत सबैलाई आब्हन गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

बुधबार, ०६ चैत २०८१ (Wednesday, March 19, 2025)

रूपशाला

**रचनाको जुनी जुनीमा स्मारिका र शिसन**

गायिका रचना रिमालको जुनी जुनी बोलको फिमेल भर्सनको गीतको भिडियो रिलिज गरिएको छ । दीपनराज शिवाकोटीको शब्द तथा सन्तोष सुनारको संगीत रहेको सार्वजनिक गीतमा नरेश बिबिसीको मिक्सिङ मास्टरिङ रहेको छ । भिडियोमा मोडलद्वय स्मारिका ढकाल र शिसन सिङ बलको अभिनय देख्न सकिन्छ । पछिल्लो पुस्ताका लोकप्रिय मोडलद्वय स्मारिका र शिसनले भोगेको प्रेम वियोग र ब्रेकअपछि भोग्नु परेको एक्लोपनालाई देखाइएको छ ।



# 'द्रौपदी'मा डोल्पाको संस्कृति र सुन्दरता



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्रले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ। चलचित्रमा देखाइएका मनमोहक दृश्यले दर्शकलाई आकर्षित गर्ने मात्र होइन, उनीहरूलाई त्यस्ता स्थानमा पुग्न प्रेरितसमेत गर्छ। हिमशृंखला, प्राकृतिक सौन्दर्य, धार्मिकस्थल तथा सांस्कृतिक विविधताले भरिएको नेपाललाई चलचित्रमार्फत विश्वभर चिनाउने काम भइरहेको छ।

यसले प्रवासमा रहेका नेपालीलाई मात्र नभई स्वदेशीलाई पनि आन्तरिक पर्यटनमा रुचि बढाउन प्रेरित गर्ने गरेको चलचित्र निर्देशक ऋषिराज आचार्यले बताए। उनले निर्देशन गरेको पछिल्लो चलचित्र 'द्रौपदी' डोल्पा जिल्लाको मनोरमदृश्यमा छायांकन गरेको छ। झन्डै ४६ दिन छायांकन गर्दा उनले स्थानीय कला, संस्कृति, सभ्यतासँगै ठूलीभेरी, सुलीगाड, तरापखोला र जगदुल्ला नदीलाई पनि चलचित्रमा कैद गर्नुभएको छ। त्रिपुरासुन्दरी देवीको मन्दिरसँगै शे-फोक्सुन्डोलगायत मनोरम दृश्यले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने निर्देशक आचार्यले बताए।

'मलगायत धेरै चलचित्रकर्मी मनाङ, मुस्ताङ, डोल्पासहितका अन्य स्थानमा पुग्नुको एउटा कारण चलचित्र वा सांगीतिक श्रव्यदृश्य (म्युजिक भिडिओ) नै हो। हामी त्यहाँ पुग्दा पनि चलचित्रमा हेरेर घुम्न आएको भन्ने सुन्नेका थियौं, मुस्ताङमा एउटा गल्लीको नाम नेपाली चलचित्र जेरीबाट राखिएको छ। त्यसकारण चलचित्रले कला, संस्कृतिसँगै पर्यटन प्रवर्द्धनमा समेत टेवा पुर्याउँछ', निर्देशक आचार्यले भने।

यही चैत ८ गतेदेखि नेपालसहित विदेशका केही स्थानमा प्रदर्शन हुने चलचित्रको विषयमा जानकारी दिन सोमबार बेलुकी काठमाडौंमा आयोजना गरिएको पत्रकार सम्मेलनमा केन्द्रीय चलचित्र जाँच समितिको सदस्यसमेत रहेका निर्देशक आचार्यले 'द्रौपदी' नामसँग चलचित्रको विषय जोडिएको बताए।

'डोल्पाको संस्कृति र चलचित्रको कथा जोडिएको छ, त्यसकारण पनि हामीले छायांकन गर्न डोल्पा नै रोजेका हौं। यसमा नेपाली मौलिक विषय, आँखालाई शीतलता दिने सुन्दर दृश्य र सोचनीय विषयलाई उठाएको छु', उनले भने।

नेपाल आइडलको दोस्रो शृंखलाका विजेता गायक रवि ओड यसै चलचित्रमार्फत अभिनेता बनेका छन्। अभिनयमा रुचि भएकाले नै तयारी गरेर चलचित्रमा काम गरेको गायक ओडले बताए।

'आफ्ना गीतको श्रव्यदृश्यमा देखिँदा केही आत्मविश्वास बढेको थियो। यसका निर्देशक आचार्यसँग झन्डै तीन महिना अभिनयको बारेमा प्रशिक्षण लिएपछि अभिनेता बन्ने निर्णय लिएँ। मैले राम्रो काम गर्ने कोसिस गरेको छु, यसको प्रतिक्रियाले पनि आउँदो दिनमा अभिनयमा निरन्तरता दिने विषयमा निर्णय लिन सहज बनाउने छ', गायक ओडले भने।

उनीझैँ यसै चलचित्रमार्फत आश्विनी शाहीले अभिनयको सुरुआत गरेका छन्। आफ्नो परिवेश र जीवनभन्दा फरक पात्र पाएकाले आफू अभिनय गर्न प्रेरित भएको अभिनेत्री शाहीले बताए। 'मेरो लागि यो अवसरसँगै चुनौती थियो। किनकि मैले यस्तो जीवन र परिवेश बाँच्न पाएकी थिइनँ। पश्चिमेली लवजका लागि पनि मैले सक्दो मेहनत गरेको छु। पहिलो चलचित्रमै पात्रलाई प्रस्तुत गर्न पाउँदा खुसी छु', अभिनेत्री शाहीले भनिन्।

निर्देशक आचार्यले गायक ओड, अभिनेत्री शाहीझैँ अन्य केही नवकलाकारलाई अडिसनमार्फत छनोट गरेर अवसर दिएको बताए। 'चलचित्रमा नयाँ प्रतिभाको उपस्थिति आवश्यक देखेर नै मैले नयाँ अनुहार अभिनय गराएको छु। मैले कथामा लेखेको पात्रलाई चलचित्रमा जीवन्त बनाउने कुरामा नयाँ भए पनि कोही कलाकार कमजोर हुनुहुन्न', निर्देशक आचार्यले भने।

चलचित्रमा सुजाता तिमल्सिना, कविराज भाम, प्रकाश ज्ञवाली, सीता बौडेल, विष्णु ठडराई, सुरज अधिकारीलगायत कलाकारले अभिनय गरेका छन्। यसमा सौरभ शर्माले पार्श्वसंगीत सृजना, अनिल महर्जनले सम्पादन, विजय आचार्यले कला तथा मोहन झिल्लुले छायांकन गरेका छन्।

# आठौं नीफको तयारी पूरा

## ४० देशका ८७ चलचित्र प्रदर्शन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही चैत्र ७ गतेदेखि ११ सम्म काठमाडौंमा आठौं नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (नीफ) आयोजना हुँदैछ।

महोत्सवको सम्पूर्ण तयारी पूरा भएको आयोजक नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले जनाएको छ।

यसपटक निफको निर्णायक मण्डलमा छोटा चलचित्र तथा वृत्तचित्रतर्फ प्रमुख जुरीमा निर्देशक दीपेन्द्र गौचन र चलचित्रतर्फ अभिनेत्री सुरक्षा पन्त, निर्देशक सम्पादक रक्षा सिंह राणा चलचित्र समीक्षक सम्पादक रीता दत्ता, निर्देशक लिउ जियान र कलाकार जमल शाहलगायत रहेका छन्।

महोत्सवमा कुनै एउटा देशको चलचित्रलाई विशेष प्रदर्शन गर्ने योजनाअनुसार यस वर्ष महोत्सवको तेस्रो दिन शनिबार 'रसियन फिल्म डे' को पनि आयोजना गरिने नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले जनाएको छ।

महोत्सवअन्तर्गत नै आगामी शनिबार आयोजना हुने उक्त फिल्म डे मा रसियाको तीन वटा चलचित्र प्रदर्शन गरिनेछ। यसपटक महोत्सवमा ३ वटा अडियन्स च्वाइस अवार्ड र एआई अवार्ड थप पनि गरिएको छ। अडियन्स च्वाइस अवार्डका लागि चैत्र ७ गतेदेखि ११ गते दिनको ४ बजेसम्म खल्ती एपबाट भोटिङ गर्न सकिने व्यवस्था गरिएको आयोजकले एक विज्ञप्तिमार्फत जानकारी दिएको छ।




२०२५ मार्च २० मा दिउँसो डेढ बजे क्युएफएक्स सिभिल मलमा राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहालको प्रमुख आतिथ्यमा उद्घाटन हुने महोत्सवको पहिलो दिन मीनबहादुर भाम निर्देशित चलचित्र 'शाम्बाला' प्रदर्शन हुनेछ। अन्तिम दिन अर्थात् चैत्र ११ गते सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङबाट समापन हुनेछ।

'विश्वभरिका कथाहरूको उत्सव नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' भन्ने नारा रहेको महोत्सवमा ४० देशका ८७ वटा चलचित्र छानिएको छ', आयोजकले अगाडि छ, 'महोत्सवमा देखाइने चलचित्रहरू बुसान, कान्स, लोकार्नो, बर्लिन आदि प्रतिष्ठित फेस्टिभलमा पनि प्रदर्शन भइसकेका छन्।' प्रविधिमा आएको विकासलाई आत्मसात् गर्दै र दर्शकलाई नयाँ स्वाद दिन यो संस्करणदेखि एआईबाट बनाइएको वा सोसम्बन्धी विषयमा बनेका चलचित्रको प्रतिस्पर्धा पनि हुने उल्लेख छ।

महोत्सवमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत सर्वोत्कृष्ट फिचर फिल्मलाई १५ सय अमेरिकी डलरसहित गौतम बुद्ध अवार्ड प्रदान गरिनेछ।

सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय वृत्तचित्रलाई एक हजार डलर राशिको माउन्ट एभरेस्ट अवार्ड र सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय लघुचलचित्रलाई पाँच सय डलरको बागमती अवार्ड प्रदान गरिने जनाइएको छ।

एआई चलचित्रलाई पाँच सय डलर राशिको मञ्जुश्री अवार्ड प्रदान गरिनेछ। नेपाली प्रतिस्पर्धाअन्तर्गत उत्कृष्ट फिचर फिल्मलाई एक लाख नगद र ट्रफी, उत्कृष्ट सर्ट फिल्म र उत्कृष्ट वृत्तचित्रलाई ५०/५० हजार नगद र ट्रफी प्रदान गरिनेछ।

महोत्सवमा सहभागी हुन ५० बढी अन्तर्राष्ट्रिय चलचित्रकर्मीहरू नेपाल आउने क्रम सुरु भइसकेको आयोजक संस्थाका अध्यक्ष केपी पाठकद्वारा जारी विज्ञप्तिमार्फत जनाइएको छ।

रंगशाला

# दसौं राष्ट्रिय खेलकुदको लोगो र मस्कट सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** कर्णाली प्रदेशमा हुने दसौं राष्ट्रिय खेलकुदको लोगो र मस्कट सार्वजनिक गरिएको छ। सातदोबाटोस्थित अन्तरराष्ट्रिय खेलकुद परिसरमा आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष, युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले लोगो तथा राखेपका उपाध्यक्ष ध्रुव आचार्यले मस्कट सार्वजनिक गरे।

सोही अवसरमा राखेपका सदस्य-सचिव टंकलाल घिसिङले दसौं राष्ट्रिय खेलकुदको डेकिकेटेड वेभसाइट सार्वजनिक गरे। कार्यक्रममा राष्ट्रिय खेलकुदमा सहभागी हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापकलगायतको अनलाइन दर्ता कसरी गर्ने भन्ने विषयमा जानकारी दिन खेलाडी अनलाइन दर्ता सफ्टवेयर भिडियो प्रदर्शन गरिएको थियो। लोगो र मस्कटलगायत विषयवस्तुलाई समेटी तयार पारिएको एनिमेटेड भिडियो पनि प्रदर्शन गरियो।

लोगोमा कर्णाली नदी, नेपालको झण्डा, सात प्रदेश र खेलाडी, हिमाल, पहाड र तराई तथा शान्तिको प्रतिक परेवा समेटिएको छ। कर्णाली प्रदेशमा पाइने दुर्लभ जनावर हाब्रे (रेड पाण्डा) लाई मस्कटका रूपमा प्रयोग गरिएको छ।

कार्यक्रममा मन्त्री चौधरीले राष्ट्रिय खेलकुदलाई लक्षित गरी तयार गरेको उत्कृष्ट पूर्वाधारका लागि कर्णाली प्रदेशलाई धन्यवाद दिए। उनले राष्ट्रिय खेल संघलाई खेलाडी र खेलको हितलाई केन्द्रमा राखेर काम गर्न आग्रह गर्दै खेलाडीको प्रतिभा देखाउने चाहनालाई मध्यनजर गरी राष्ट्रिय खेलकुद भव्य बनाउन सबै एकजुट हुनुपर्नेमा जोड दिए।

उपाध्यक्ष आचार्यले राष्ट्रिय खेलकुद प्रतिभा खोजीको माध्यम पनि भएको बताए। सदस्य-सचिव घिसिङले राष्ट्रिय खेलकुदमा सहभागी हुन खेलाडी उत्साहित रहेकाले खेलाडीले खेल्न पाउने वातावरण बनाउन सम्पूर्ण सरोकारवाला एकढिक्का हुनुपर्नेमा जोड दिए। दशौं राष्ट्रिय खेलकुद आगामी २०८२ साल जेठ ३ देखि १० गतेसम्म कर्णाली प्रदेश राजधानी सुर्खेतमा आयोजना हुँदैछ।

# साफ च्याम्पियनसिपको खेलतालिका सार्वजनिक

**काठमाडौं (प्रस)–** दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-१९ च्याम्पियनसिप फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ।

भारतको अरुणाञ्चल प्रदेशस्थित गोल्डेन जुब्ली रंगशालामा हुने उक्त प्रतियोगिता आगामी मे ९ देखि १८ तारिखसम्म हुनेछ। खेल तालिकाअनुसार नेपालले आफ्नो पहिलो खेल श्रीलंकासँग खेल्नेछ। उक्त खेल आगामी मे ११ तारिखमा हुनेछ। सोही दिन भूटान र बंगलादेशवीच पनि प्रतिस्पर्धा हुनेछ।

विभिन्न ६ राष्ट्र सहभागी उक्त प्रतियोगितामा नेपाल समूह 'बी' मा परेको छ। समूह 'बी' मा नेपालसँगै भारत र श्रीलंका छन्। त्यसैगरी नेपालले आफनो दोस्रो खेल मे १३ तारिखमा घरेलु टोली भारतको सामना गर्नेछ। १३ तारिखमै हुने अर्को खेल माल्दिभ्स र भूटानबीच हुनेछ।

उक्त प्रतियोगिताको समूह 'ए' मा भने साविक विजेता बंगलादेश, माल्दिभ्स र भूटान छन्। प्रतियोगिताको उद्घाटन खेलमा समूह 'बी' अन्तर्गतका बंगलादेश र माल्दिभ्सबीच प्रतिस्पर्धा हुनेछ। उद्घाटनकै दिन हुने अर्को खेलमा श्रीलंका र भारतबीच प्रतिस्पर्धा हुने जनाइएको छ।

# जावलाखेल र आर्मी च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** जावलाखेल ह्विलचियर स्पोर्ट्स क्लब (जेडब्युएससी) र विभागीय टोली त्रिभुवन आर्मी क्लबले मंगलबार अन्तर उपत्यका क्लबस्तरीय ह्विलचियर बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्।

नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघ (एनएससिआइएसए) को आयोजना र युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेशको सहयोगमा त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा सम्पन्न फाइनलमा महिलातर्फ जावलाखेल र पुरुषतर्फ आर्मी च्याम्पियन बनेको हो। उपाधिसँगै दुवै टोलीले समान ५० हजार रूपैयाँ हात पारे।

महिलातर्फ जावलाखेलले ह्विलचियर स्पोर्ट्स एसोसिएसन (डब्ल्युएसए)लाई २४-२३ को स्कोरले पराजित गरेको हो। जावलाखेललाई च्याम्पियन बनाउन रजनी राईले सर्वाधिक १४ अंक जोडिन्। उनी नै सर्वाधिक स्कोरकर्ता घोषित भइन् र तीन हजार रूपैयाँ हात पारिन्।

जावलाखेलले सेमिफाइनलमा इस्पाइनल कट इन्जरी नेट्वर्क नेपाल (एससिआइएनएन) लाई १७-६ को स्कोरमा हराउँदै फाइनल यात्रा तय गरेको थियो। यता, डब्ल्युएसएले राष्ट्रिय आदिवासी अपांग महिला संघ नेपाल (निडवान)लाई १२-२ को स्कोरमा पराजित गरेको थियो। यस्तै, महिलातर्फ निडवानलाई हराउँदै एससिआइएनएन तेस्रो भयो।

पुरुषतर्फ विभागीय 'डर्बी' मा एपिएफलाई आर्मीले ४३-४१ को स्कोरमा हराउँदै च्याम्पियन बन्यो। निकै रोमाञ्चक बनेको फाइनलमा निर्धारित खेल ३९-३९ को बराबरी सकिएको थियो। त्यसपछि विजेताको छिनोफानो गर्न अतिरिक्त तीन मिनेटको समय थप गरिएको हो। तर, अतिरिक्त समयमा आर्मीले चार र एपिएफले दुई स्कोर जोड्यो। योसहित आर्मी समग्रमा ४३ अंकसहित विजयी भयो। उपाधि दिलाउन रमेश खत्रीले सर्वाधिक १९ स्कोर जोडे। उनले तीन हजार रूपैयाँ प्राप्त गरे।

आर्मीले सेमिफाइनलमा बिआइएलाई ४०-१३ र एपिएफले आयोजक टोली एनएससिआइएसएलाई ४०-१० को फराकिलो स्कोरमा हराउँदै फाइनल प्रवेश गरेको थियो।

यस्तै, आयोजक टोलीलाई १०-६ को स्कोरले हराउँदै बिआइए तेस्रो भयो। उपविजेता दुवै टोलीले ३० र तेस्रो हुने दुवै टोलीले २५ हजार रूपैयाँ प्राप्त गरे। महिलातर्फ जावलाखेलको तुलशा मगर सर्वोत्कृष्ट खेलाडी घोषित भइन्। पुरुषतर्फ भने कप्तान राम तामाङ सर्वोत्कृष्ट भए। दुवै खेलाडीले समान तीन हजार रूपैयाँ प्राप्त गरे।

विजेता टोलीलाई राखेपका उपाध्यक्ष ध्रुव आचार्य, नेपाल बास्केटबल संघका अध्यक्ष भीमसिंह गुरुङ, एनएससिआइएसएका अध्यक्ष देवी आचार्यलगायत विशेष अतिथिहरूले पुरस्कार प्रदान गरेका थिए। दुई दिन चलेको प्रतियोगितामा महिलातर्फ ६ र पुरुषतर्फ सातसहित कुल १३ टोलीको सहभागिता थियो।

# गाजामा इजरायली आक्रमणबाट राष्ट्रसंघीय मानवअधिकार प्रमुख 'आतंकित'



**जेनेभा–** संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुखले जनवरीमा नाजुक युद्धविराम लागू भएपछि गाजामा भएको सबैभन्दा तीव्र इजरायली हवाई आक्रमणमा मंगलबार आतंकित भएको बताएका छन् । आक्रमणमा सयौंको मृत्यु भएको छ ।

'गत रात गाजामा इजरायली हवाई आक्रमण र गोलाबारीबाट म आतंकित छु,' भोल्कर टर्कले एक विज्ञप्तिमा भने, 'यसले त्रासदीमा त्रासदी थप्ने छ ।' इजरायलले मंगलबार जनवरी १९ मा युद्धविराम लागू भएपछि यसको सबैभन्दा तीव्र आक्रमण गर्दै सबै बन्धकहरूको फिर्ती नभएसम्म गाजामा लडाइँ जारी राख्ने प्रतिज्ञा गरेको छ । हमासद्वारा सञ्चालित क्षेत्रको स्वास्थ्य मन्त्रालयले पछिल्लो आक्रमणमा ३३० भन्दा बढी मानिस मारिएको जनाएको छ ।

अहिलेसम्म आक्रमणको जवाफ नदिएको हमासले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई युद्धविराम वार्तामा गतिरोधपछि 'युद्ध पुनः सुरु गर्ने' निर्णय गरेको आरोप लगाएको छ र गाजामा अझै जीवित बन्धकहरूका लागि लडाइँमा फर्कनु 'मृत्युदण्ड' हुनसक्ने चेतावनी दिएको छ ।

'यो दुःस्वप्न तुरुन्तै अन्त्य हुनुपर्छ, पछिल्लो १८ महिनाको हिंसाले यो संकटबाट बाहिर निस्कने कुनै सैन्य बाटो छैन भनेर प्रशस्त रूपमा स्पष्ट पारेको छ,' टर्कले भने, 'अन्तर ाष्ट्रिय कानुनअनुसार राजनीतिक समाधान नै अगाडि बढ्ने एक मात्र उपाय हो । इजरायलले अझ बढी सैन्य बलको सहारा लिनुले पहिले नै विनाशकारी अवस्था भोगिरहेका प्यालेस्टिनी जनसंख्यामाथि थप दुःख मात्र थप्ने छ ।'

'बन्धकहरूलाई तुरुन्तै र विनासर्त रिहा गरिनुपर्छ । सबै अनियमितरूपमा थुनामा रहेका व्यक्तिहरूलाई तुरुन्तै र बिना शर्त रिहा गरिनुपर्छ । युद्ध स्थायीरूपमा अन्त्य हुनुपर्छ,' उनले भने, 'हामी सबै प्रभावशाली पक्षहरूलाई शान्ति प्राप्त गर्न र नागरिकहरूको थप पीडा रोक्न आफ्नो शक्तिमा सबै कुरा गर्न आग्रह गर्दछौं ।' *रासस⁄एएफपी*

# धार्मिक हिंसाको टिप्पणीमा बंगलादेशद्वारा अमेरिकी गुप्तचर प्रमुखको आलोचना

**ढाका–** बंगलादेशले वासिङ्टनकी गुप्तचर प्रमुख तुलसी गबार्डलाई उनको यस दक्षिण एसियाली देशमा धार्मिक हिंसासम्बन्धी टिप्पणीहरू आधारहीन र साम्प्रदायिक तनाव भड्काउने जोखिम भएको भन्दै आलोचना गरेको छ ।

गबार्ड यस हप्ता भारतको कूटनीतिक भ्रमणका लागि आइपुगेकी थिइन् । भारतसँग बंगलादेशको सम्बन्ध गत वर्ष विद्यार्थी नेतृत्वको विद्रोहले मुलुकको यसअघिको सरकारलाई अपदस्थ गरेपछि बिग्रिएको छ । नयाँदिल्लीले आफ्नो मुस्लिम बहुल छिमेकीलाई आफ्ना अल्पसंख्यक हिन्दू नागरिकहरूको पर्याप्त सुरक्षा गर्न असफल भएको बारम्बार आरोप लगाएको छ । उक्त आरोपहरू अहिले सत्तामा रहेको अन्तरिम प्रशासनले अस्वीकार गरेको छ । तर गबार्डलाई भारतीय प्रसारणकर्ता एनडिटिभीसँग सोमबारको अन्तर्वार्तामा बंगलादेशमा भएको हिंसाका बारेमा सोधिएको थियो ।

'लामो समयदेखि धार्मिक अल्पसंख्यकहरूको दुर्भाग्यपूर्ण उत्पीडन, हत्या र दुर्व्यवहार... अमेरिकी सरकारका लागि चिन्ताको प्रमुख क्षेत्र बनेको छ,' उनले जवाफमा भनिन् । उनले यो मुद्दा इस्लामवादी चरमपन्थसँगै 'चिन्ताको केन्द्रबिन्दु क्षेत्र' बनेको र ट्रम्प प्रशासनले पहिले नै बंगलादेशी सरकारसँग यी मुद्दाहरू उठाएको बताइन् ।

बंगलादेशले सोमबार राति एक वक्तव्यमा जवाफ दिँदै गबार्डका टिप्पणीहरू देशको छवि र प्रतिष्ठामा 'भ्रामक' र 'हानिकारक' दुवै भएको बताएको छ । 'राजनीतिक नेताहरू र सार्वजनिक व्यक्तित्वहरूले आफ्ना बयानहरू, विशेषगरी संवेदनशील मुद्दाहरूमा, वास्तविक ज्ञानमा आधारित हुनुपर्छ र हानिकारक रूढीवादी धारणाहरू, प्रशंसकहरूको डर, वा सम्भावित रूपमा साम्प्रदायिक तनावलाई बढावा नदिन सावधानी अपनाउनुपर्छ,' विज्ञप्तिमा भनिएको छ ।

हिन्दूहरू बंगलादेशको १७ करोड जनसंख्याको करिब लगभग आठ प्रतिशत छन् । अगस्टमा स्वेच्छाचारी पूर्वप्रधानमन्त्री शेख हसिनाको निष्कासनपछिको अराजक दिनहरूमा हिन्दूहरूमाथि आक्रमणको एउटा शृंखला थियो । केहीले उनको शासनलाई समर्थन गरेको रूपमा हेरिएको थियो । *रासस⁄एएफपी*

# गाजामा इजरायली हवाई आक्रमण, ४१३ जनाको मृत्यु

**गाजा–** गाजा पट्टीका विभिन्न स्थानमा मंगलबार बिहान इजरायली हवाई आक्रमणमा मारिएका प्यालेस्टाइनीको संख्या ४१३ पुगेको गाजास्थित स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

जारी इजरायली आक्रमणमा कम्तीमा ५६२ प्यालेस्टाइनी पनि घाइते भएका छन् । धेरै पीडित अझै पनि भग्नावशेषमा फसेका छन् । उनीहरूको उद्धारको प्रयास भइरहेको स्वास्थ्य अधिकारीहरूले एक प्रेस विज्ञप्तिमा उल्लेख गरेका छन् ।

'यस समयमा, आइडिएफ (इजरायल रक्षा बल) र शिन बेटले गाजा पट्टीभरि विद्रोही लक्ष्यहरूमा प्रहार गरिरहेका छन्,' सेना र शिन बेटले संयुक्त विज्ञप्तिमा उल्लेख गरेको छ, 'विगत केही घण्टामा प्रहार गरिएका लक्ष्यहरूमा प्रक्षेपण पोस्ट, हतियार भण्डार र थप सैन्य पूर्वाधारहरू समावेश छन् ।' इजरायलले हमासले आफ्ना बन्धकहरूलाई रिहा गर्न बारम्बार अस्वीकार गरेको र अमेरिकी राष्ट्रपति र मध्यस्थकर्ताहरूको सबै प्रस्ताव अस्वीकार गरेको कारणले आक्रमणहरू पुनः सुरु गरेको बताएको छ ।

हमासले इजरायलले जनवरी १९ मा लागू भएको युद्धविरामको उल्लंघन गरेको आरोप लगाए र इजरायललाई सैन्य कारबाही रोक्न दबाब दिन मध्यस्थकर्ताहरूलाई आह्वान गरेको थियो । *रासस⁄सिन्ह्वा*



## बन्धकहरूको 'हत्या रोक्न' परिवारको आग्रह

**जेरुसेलम–** इजरायलले जनवरीको युद्धविरामपछि उक्त क्षेत्रमा सबैभन्दा घातक आक्रमण गरेपछि गाजामा रहेका इजरायली बन्धकहरूका परिवारहरूले मंगलबार प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई 'बन्धकहरूको हत्या र बेपत्ता हुने काम रोक्न' माग गरेका छन् ।

'बन्धकहरूका परिवारहरूले मंगलबार बिहान प्रधानमन्त्री, रक्षामन्त्री र वार्ता टोलीका प्रमुखसँग बैठकको माग गर्छन्, जसमा उनीहरूलाई बन्धकहरूलाई सैन्य दबाबबाट कसरी जोगाउने र उनीहरूलाई कसरी फिर्ता ल्याउने इच्छा छ भनेर आश्वासन दिइने छ,' बन्धक एवं बेपत्ता परिवार मञ्चले एक विज्ञप्तिमा भनेको छ, 'बन्धकहरूको हत्या र बेपत्ता हुन रोक्नुहोस्, पहिले, तिनीहरूलाई फिर्ता गर्नुहोस्- त्यसपछि अरू सबै कुरा भन्दै बन्धकका परिवारहरूले माग गर्ने छन् ।'

बन्धकहरूका परिवारहरूले मंगलबारपछि जेरुसेलममा नेतन्याहुको कार्यालयबाहिर विरोध प्रदर्शनको आह्वान गरेका छन् । इजरायलले जनवरी १९ मा युद्धविराम सुरु भएयता सबैभन्दा तीव्र आक्रमण गर्दै सबै बन्धकहरू फिर्ता नहुँदासम्म गाजामा लड्ने प्रतिज्ञा गरेको छ ।

'बन्धकहरूका परिवारहरूले आफ्ना प्रियजनहरूको भाग्यका लागि जिम्मेवार सरकारी अधिकारीहरूसँग बैठकका लागि याचना गरिरहेका छन् । उनीहरूको याचना अनुत्तरित छ,' परिवारहरूले एक वक्तव्यमा भनेका छन्, 'अब स्पष्ट हुन्छ- सरकारी अधिकारीहरूले उनीहरूसँग भेटघाट गरेनन् किनकि उनीहरूले युद्धविरामको विष्फोटको योजना बनाइरहेका थिए, जसले उनीहरूका परिवारका सदस्यहरूलाई बलि चढाउन सक्छ ।' हमासको सन् २०२३ अक्टोबरको आक्रमणमा पक्राउ गरिएका २५१ बन्धकमध्ये ५८ जना अझै पनि गाजामा राखिएका छन् तीमध्ये ३४ जना इजरायली सेनाले मृत भएको बताएको छ । *रासस⁄एएफपी*


**युएइमा रोजगार**

कम्पनी : AL MAWARID ALTHAKI RECRUITMENT CO.

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 320485 | चलानी नं. ६०२३४७४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Typist | 135 | 0 | 1200 | ४५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ देखि १७ गते सम्म (26 to 30th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1149/073/074

**दैलेख ओभरसिज प्रा.लि.**

बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२

ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com



नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**कान्ति बाल अस्पताल**

महाराजगंज,काठमाडौं

**वोलपत्र प्रकाशन गरिएको सूचना**

प्रथम पटक सुचना प्रकाशित मिति : ०८१।१२।०६

वोलपत्र दाखीला गर्नुपर्ने अन्तिम मिति : ०८२।०१।०५

१. यस अस्पतालबाट देहायका कार्यका लागि वोलपत्र आह्वान गरिएकोले विद्युतीय माध्यमबाट मात्र वोलपत्र दाखीला गर्नुहुन यो सुचना प्रकाशन गरीएको व्यहोरा अनुरोध छ ।

तपशिल

| सि.नं. | ठेक्का नम्वर | काम | जमानत रकम | वोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | KCH/ NCB/081/82/11 | Supply of lab service package 1 | रु २७,००,०००।- | रु १०,०००। |
| २ | KCH/ NCB/081/82/12 | Supply of lab service package 2 | रु ८,०९,०००।- | रु ५,०००। |
| ३ | KCH/ NCB/081/82/13 | Supply of lab service package 3 | रु ४५,०००।- | रु ३,०००। |
| ४ | KCH/ NCB/081/82/14 | Supply of lab service package 4 | रु ८,९५,०००।- | रु ५,०००। |
| ५ | KCH/ NCB/081/82/15 | Supply of lab service package 5 | रु ३,४०,९५०।- | रु ३,०००। |
| ६ | KCH/ NCB/081/82/16 | Supply of lab service package 6 | रु २,३८,०००।- | रु ३,०००। |

२. वोलपत्र सम्वन्धी थप कुरा वुझ्नुपरेमा सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp हेर्न सक्नुहुनेछ ।

**पुनश्च** : यस अस्पतालबाट मिति ०८१।०६।०३ मा प्रकाशित ल्याव सेवा आपुर्ति सम्वन्धि **KCH/NCB/081/82/05** वोलपत्र रद्द गरिएको व्यहोरा समेत अनुरोध छ ।

**निर्देशक**



**फिक्कल गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

खाङसाङ, सिन्धुली

बागमती प्रदेश, नेपाल

**सिलबन्धी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१/१२/०६

यस फिक्कल गाउँपालिकाको आ.व. ०८१/८२ को लागि सडक बोर्ड नेपाल, काठमाडौंबाट स्वीकृत कार्यक्रम अन्तर्गत तल उल्लेखित कार्य दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त व्यवसायीहरूबाट सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

| S. N. | Contract No. | Description of works | Bid Security amount | Price of Bid document | Estimated cost with VAT | Bid Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1.0 | FRM/ Sindhuli/ Works/ SQ/01/081-82 | सौभाग्यचोक देखि गाउँपालिका कार्यालय हुदैं गाइखुरे सम्मको सडक ढलान कार्य | Rs. 45,000.00/- | Rs. 1000/- | Rs. 19,31,935.2 /- | 45 days | Before 2081-12-21 (Apr. 03, 2025) 12.00 PM. |

**नोट**:- दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा www.phikkalruralmun.gov.np हेर्नहुन वा phikkalruralmun@gmail.com वा यस कार्यालयको फोन नं. ९८५४०४५४६२ मा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Civil Aviation Authority of Nepal**

**Electromechanical Department**

Sinamangal, Kathmandu, Nepal

**Invitation for Bids**

**Date of publication: 6th Chaitra 2081 (19th March 2025)**

1. Civil Aviation Authority of Nepal, Electro Mechanical Department (EMD) invites electronic bids from eligible bidders for the following procurement.

| S. N. | Bid Notice No. | Contract Name | Bid Document Fee (NPR) | Bidding Procedure | Bid Security Amount (NPR) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | ICB-03-EMD-ME-081/82 | Supply & Delivery of Spare Parts of Rosenbauer ARFF Vehicles for Different Domestic Airport, Package B | 3,000.00 +VAT | Single Stage Two Envelope (1S2E) | 3,50,000.00 or Equivalent USD | before 12:00 hour NST, 21st Baisakh 2082 (4th May 2025) | 13:00 hour NST, 21st Baisakh 2082 (4th May 2025) |
| 2 | NCB-09-EMD-ME-081/82 | Supply, Delivery, Installation, Testing and Commissioning of Central Control System for VRF Type Air Conditioning Systems | 3,000.00 +VAT | Single Stage Single Envelope (1S1E) | 1,10,000.00 | before 12:00 hour NST, 5th Baisakh 2082 (18th April 2025) | 13:00 hour NST, 5th Baisakh 2082 (18th April 2025) |

2. Eligible Bidders may obtain further information at the office of **Civil Aviation Authority of Nepal, Electromechanical Department, Sinamangal, Kathmandu, Nepal**. Ph. No. 977-1-5718021, Ext-305. or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Name of the Bank :** NMB Bank, Babarmahal, Kathmandu
   **Name of Office :** Civil Aviation Authority of Nepal
   **Office Account No. :** 0010012611500043
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७५२०० | प्रति तोला – ० | प्रति तोला – २०५० |



**माछापुच्छ्रे हिमाल छेउबाटै उडान....** १२७ यात्रु लिएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट चीनको छेन्दुतर्फ प्रस्थान गर्दै सिचुवान एयरलाइन्सको विमान । नेपाल–चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वर्षगाँठको अवसरमा चीनको छेन्दुबाट उक्त विमानस्थलमा नियमित व्यावसायिक चार्टर उडान सुरु भएको हो । *तस्बिरः युनिश गुरुङ/रासस*

## उद्योगमन्त्री भण्डारी र कोरियाली लगानी मूल्यांकन टोलीको भेटवार्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग कोरियाली लगानी मूल्यांकन टोलीले भेटघाट गरेको छ । भेटका क्रममा मन्त्री भण्डारीले नेपालमा लगानीको उपयुक्त वातावरण बनेकाले लगानी गरेर रोजगारको सृजनासहित मुनाफा आर्जन गर्न आग्रह गरेका थिए ।

उनले नेपाल र गणतन्त्र कोरियाबिचको सम्बन्ध पछिल्ला वर्षहरूमा थप प्रगाढ र सुमधुर बन्दै गएको बताए । 'सन् १९७४ मा नेपाल र गणतन्त्र कोरियाबिच कूटनैतिक सम्बन्ध स्थापना भएयता दुई देशबिचको सम्बन्ध धेरै घनिष्ठ एवम् मैत्रीपूर्ण रूपमा अगाडि बढिरहेको छ । हाम्रा दुई देशबिच एवम् जनस्तरमा मित्रता, समझदारी र आपसी सहयोगको निरन्तर अभिवृद्धि भइरहेको छ,' उनले भने, 'नेपालको सामाजिक तथा आर्थिक विकासका लागि कोरिया महत्वपूर्ण तथा विश्वासिलो विकास साझेदारका रूपमा रहेको छ । नेपालमा कृषि, उद्योग, पर्यटन, निर्यात प्रवर्द्धन र जलविद्युत विकासको लागि कोरियन अनुभव, ज्ञान, सीप र प्रविधिबाट लाभान्वित हुन चाहन्छौं ।'



कोरियाली कम्पनीहरू स्यामसङ इलेक्ट्रोनिक्स र हुन्डाई मोटर्सले नेपालमा एसेम्बलिङ्ग प्लान्ट स्थापना गरी क्रमशः टिभी सेट र कार उत्पादन गरिरहेको स्मरण गरेका छन । उद्योग र व्यापारका क्षेत्रमा समेत नेपाल र कोरियाबिचको सम्बन्ध बढ्दै गएको उनको भनाइ थियो ।

मन्त्री भण्डारीले कोरिया नेपालमा वैदेशिक लगानीको एक प्रमुख स्रोत मुलुक रहेको बताए । 'गत वर्षको व्यापार तथ्याङ्क हेर्दा कोरियाबाट नेपालमा करिब ८ अर्ब ७० करोडको वस्तु आयात भएको देखिन्छ भने नेपालबाट कोरियामा करिब ३३ करोड ५० लाखको मात्र निर्यात भएको छ । यसले कोरियासँग नेपालको व्यापार असन्तुलन रहेको देखाउनुका साथै आगामी समयमा दुई देशबिच थप सहकार्यको अवसर सृजना गरेको छ,' उनले भने । नेपाल र दक्षिण कोरियाबिच कूटनीतिक सम्बन्धको ५० औं वार्षिकोत्सवको अवसरमा डिसेम्बर २०२४ मा द्विपक्षीय व्यापार तथा लगानीलाई अभिवृद्धि गर्न व्यापार तथा लगानी प्रवर्द्धन फ्रेम वर्क स्थापना गर्ने सम्बन्धी समझदारी-पत्रमा हस्ताक्षर गरिएको छ, जुन एक ऐतिहासिक सम्झौता भएको मन्त्री भण्डारीको दावी रहेको छ ।

मन्त्री भण्डारीले वर्तमान सरकार विदेशी लगानीकर्ताहरूको लागि नीतिगत स्थिरता र सुरक्षा प्रदान गर्न समर्पित रहेको बताए । वैदेशिक व्यवसायको वृद्धिलाई समर्थन गर्ने स्थिर नीतिगत ढाँचा कायम राख्न प्रतिबद्ध रहेको उनको भनाइ छ । कोरियाली व्यवसायहरूलाई नेपालमा लगानी साझेदारी अन्वेषण गर्न आमन्त्रण गरे । उनले जलविद्युत, उत्पादन र पर्यटन जस्ता क्षेत्रहरूमा सहकार्यको अपार सम्भावना रहेको उनले बताए ।

कोरियाली प्रतिनिधिमण्डलले नेपालमा लगानी गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । अहिलेलाई कोसी प्रदेशमा कृषि क्रान्तिबाट सुरु गरेर प्रविधिमा समेत निपुण बनाउने प्रतिबद्धता व्यक्त गरे । प्रतिनिधिमण्डलमा १ कोरियाका विभिन्न क्षेत्रका १ दर्जन बढी व्यक्तिहरू सहभागी थिए ।

## माथिल्लो ठूलोखोला 'ए' आयोजना निर्माण धमाधम

■ प्रभाव संवाददाता

**बेनी (म्याग्दी)–** रघुगंगा गाउँपालिकामा निर्माणाधीन माथिल्लो ठूलोखोला 'ए' जलविद्युत् आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । उक्त आयोजनाको हालसम्म ७५ प्रतिशत निर्माण सकिएको छ ।

ठूलोखोला हाइड्रोपावर लिमिटेडले रघुगंगा-७ चिमखोला र वडा नं ८ कुइनेमंगलेको सीमा क्षेत्रमा निर्माण गर्न लागेको २२ दशमलव पाँच मेगावाट क्षमताको उक्त आयोजना निर्माण सुरु गरेको दुई वर्षको अवधिमा बाँध, विद्युत्गृह र पाइप लाइनतर्फको करिब ८० देखि ९० प्रतिशत काम सकिएको ठूलोखोला हाइड्रोपावरका वित्त प्रमुख प्रदीप खतिवडाले जानकारी दिए । उनका अनुसार आगामी जेठ मसान्तभित्र परीक्षण उत्पादन गर्ने लक्ष्यका साथ आयोजनाको पूर्वाधार निर्माणको कामलाई गति दिइएको छ ।

आयोजनाको पूर्वाधारतर्फको निर्माण कम्पनी देव ऊर्जा कन्ट्रक्सन प्रालिले दैनिक दुई सय जनशक्ति परिचालन गरेर काम गरिरहेको छ । आयोजनाकम लागि आवश्यक पर्ने उपकरण ढुवानीको काम धमाधम भइरहेको छ । विद्युत्गृहमा विद्युतीय उपकरण र सामग्री जडानको काम भइरहेको वित्त प्रमुख खतिवडाले बताए ।

सुरुङरहित यस आयोजनामा कुल दुई हजार आठ सय मिटर पाइप लाइन जडानको काम अन्तिम चरणमा पुगेको छ । सुगुरथलामाथि रघुगंगा नदीमा निर्माण भएको बाँधबाट पेनस्टक पाइप लाइन हुँदै ल्याउने पानीलाई सेतिनी भ्यालीको फेदीमा रहने विद्युत् गृहमा खसालेर उत्पादन हुने आयोजना प्रमुख लोकबहादुर नायकले जानकारी दिए । उनका अनुसार उत्पादित विद्युत्लाई राष्ट्रिय प्रसारणमा जोड्नका लागि ट्रान्समिसन लाइन निर्माणको कामसमेत धमाधम भइरहेको छ ।

रु तीन अर्ब लागत अनुमान गरिएको यस आयोजनामा प्रवर्द्धकको तर्फबाट ३० प्रतिशत लगानी रहेको छ भने बाँकी ७० प्रतिशत लगानी सिटिजन बैंकको नेतृत्वमा कृषि विकास बैंक र माछापुच्छ्रे बैंकले लगानी गर्ने वित्तीय सम्झौता भएको छ ।

## नेप्से परिसूचकमा निरन्तर गिरावट

**काठमाडौं (प्रस)–** यो साताको कारोबारको लगातार तेस्रो दिन पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट देखिएको छ । अघिल्लो साता पनि लगातार घटेर नेप्से परिसूचक अन्तिम कारोबार दिन केही अंकले बढेको थियो । तर यो साता कारोबारका सबै दिन पुनः परिसूचक ओरालो लागेको छ ।

नेप्से परिसूचक सात दशमलव ६६ अंकले घटेर दुई हजार छ सय ९७ दशमलव ०४ को बिन्दुमा कायम भएको छ । तीन सय १३ कम्पनीको ८२ लाख ३७ हजार नौ सय दुई कित्ता शेयर ५० हजार आठ सय ३४ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ३४ करोड ६६ लाख ३२ हजार बराबरको कारोबार भएको हो ।

कारोबारमा अन्य समूहको उपसूचक शून्य दशमलव ११ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ समूह शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ४२, वित्त शून्य दशमलव १७, होटल तथा पर्यटन शून्य दशमलव ३६, जलविद्युत् शून्य दशमलव १७, लगानी शून्य दशमलव ४२ र जीवन बीमा समूह शून्य दशमलव ७० प्रतिशतले घटेको हो । त्यसैगरी, उत्पादन तथा प्रशोधन शून्य दशमलव २३, लघुवित्त शून्य दशमलव ३१, म्युचुअल फन्ड शून्य दशमलव ३७, निर्जीवन बीमा शून्य दशमलव ५४ र व्यापार समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ ।

कारोबारमा मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९६ र प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव २१ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ३२ करोड ११ लाख १७ हजार आठ सय ९२ बराबरको शेयर किनबेच भएको छ ।

## मुआब्जा नपाएपछि जलविद्युत् आयोजना बन्द

**खोटाङ–** यहाँको केपिलासगढी गाउँपालिकाका स्थानीयले जलविद्युत् आयोजना सञ्चालन गर्ने सम्बन्धित कम्पनीले जमिन उपयोग गरेबापत मुआब्जा नदिएपछि आयोजना नै बन्द गराएका छन् ।

लामो समयदेखि मुआब्जा नपाएको भन्दै चरणबद्ध आन्दोलनमा उत्रिएका स्थानीयवासीले सुङ्देल र दिप्सुङको सिमाना स्थित रावाखोलाबाट उत्पादन गरिएको तीन मेगावाट क्षमताको माथिल्लो रावाखोला जलविद्युत् आयोजनाको ड्याम (बाँध)बाट खोलातर्फ पानी फर्काएर आयोजना बन्द गराएका हुन् ।

रावाखोलामा रावा इनर्जी डेभलभमेन्ट कम्पनी लिमिटेड, हलेसी ऊर्जा कम्पनी लिमिटेड र लोवर मिड रावाखोला हाइड्रोइलेक्ट्रिक प्रोजेक्टले फरक-फरक तीन ठाउँमा जलविद्युत् आयोजना सञ्चालन गरेको छ । केपिलासगढी गाउँपालिका-४ बाक्सिला, ६ दिप्सुङ र ७ सुङ्देलका स्थानीयले उक्त जलविद्युत् आयोजना सञ्चालक कम्पनीबाट मुआब्जा नपाएको गुनासो गरेका हुन् ।

जलविद्युत् आयोजनाको ट्रान्समिसन र पाइपलाइन विस्तारका क्रममा प्रयोग गरिएको जग्गाको मुआब्जा तथा क्षतिपूर्ति स्थानीयवासीले हालसम्म प्राप्न नगरेपछि चरणबद्ध आन्दोलन सुरु गरिएको निजी तथा सार्वजनिक सम्पत्ति संरक्षण संघर्ष समितिका संयोजक माइतीराज राईले बताए । 'रावाखोलामा सञ्चालित तीनवटै जलविद्युत् आयोजना कम्पनीले जग्गाधनीहरूलाई क्षतिपूर्ति दिएका छैनन् । उनीहरूले स्थानीयलाई ठगी गरेका छन्', उनले भने, 'जनता ठगीमा परेको विषयमा स्थानीय सरकारलाई समेत जानकारी गराएका छौं । अहिलेसम्म कुनै सुनुवाइ भएको छैन । तोकिएको समयमा सम्बन्धित जग्गाधनीलाई मुआब्जा उपलब्ध नगराएपछि निर्धारित कार्यक्रमअनुसार पानी खोलातर्फ फर्काएर आयोजना बन्द गरिएको छ ।'

निर्माणाधीन हलेसी ऊर्जा कम्पनी लिमिटेड जलविद्युत् आयोजनाको ट्रान्समिसनलाइनले बाक्सिलाका ३८ जनासहित ४९ घरको जग्गा प्रयोग गरेको छ । जलविद्युत्को पोल र तार टाँग्ने क्रममा स्थानीयको करिब पाँच हजार २०० मिटर जग्गा प्रयोग भएको संघर्ष समितिले जनाएको छ ।

पाइपलाइन विस्तारका क्रममा सुङ्देलका २४, बाक्सिलाका दुई र दिप्सुङका एक जनाको गरी ३८ कित्ता जग्गा प्रयोग गरिएको छ । रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युत्को काम सम्पन्न भएपछि मुआब्जा दिने भन्दै ट्रान्समिसनको काम गरेको तर हालसम्म मुआब्जा नदिएको जग्गाधनीको गुनासो छ ।

रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युत्को काम सकिएपछि सबै जग्गाधनीलाई क्षतिपूर्ति दिने र क्षति पुगेको जग्गा कम्पनीको नाममा सार्नेगरी पाइपलाइनको काम सुरु गरेको थियो । तर, हालसम्म सो सहमति कार्यान्वयन नभएको संघर्ष समितिको भनाइ छ ।

रावा इनर्जी डेभलपमेन्ट प्रालिले खोलामा दश प्रतिशत पानी नछाडेको संघर्ष समितिको आरोप छ । २.५ मेगावाटको विद्युत् उत्पादनको तयारी गरेको हलेसी ऊर्जा कम्पनी लिमिटेडले सर्वोच्चको आदेश विपरीत कृष्णमाँया खत्रीको जग्गामा पाइपलाइनको काम गरिरहेको छ ।

निर्माणाधीन हलेसी ऊर्जा कम्पनी लिमिटेडले विद्युत् उत्पादनको प्रक्रिया पूरा नगरी छ कित्तामा रहेको ३८४ रोपनी सरकारी जग्गा प्रयोग गरेको संघर्ष समितिले जनाएको छ । हलेसी ऊर्जाले सुङ्देलमा जलाशय र बाक्सिलामा पावरहाउस बनाएर विद्युत् उत्पादन गर्ने तयारी गरेको छ ।

मुआब्जा विवाद प्रकरणलाई लिएर स्थानीयवासीले जलविद्युत् आयोजना नै बन्द गराएपछि दुवै पक्षलाई गाउँपालिकाको कार्यालयमा छलफलका लागि बोलाइएको गाउँपालिका प्रमुख समीर राईले जानकारी दिए । *रासस*

## चितवनमा २३६ ह्याचरी बन्द

**चितवन (प्रस)–** कुखुराको चल्ला कोरल्न प्रयोग गरिने दुई सय ३६ ह्याचरी उद्योग बन्द भएका छन् । कोभिडपछि लागत मूल्यमा चल्ला बिक्री हुन छाडेपछि उद्योग बन्द भएका हुन् ।

नेपाल पोल्ट्री महासंघका उपाध्यक्ष टीकाराम पोखरेलका अनुसार कोभिड-१९ अघि देशभरमा ब्रोइलर कुखुराको चल्ला कोरल्ने तीन सय ४८ ह्याचरी उद्योग सञ्चालनमा थिए । अहिले यो सङ्ख्या एक सय २० मा झरेको छ । यस्तै १४ वटा रहेको लेयर्स ह्याचरी घटेर छवटामा झरेको छ । एक साताामा ब्रोइलर चल्ला ५५ लाख उत्पादन हुनेमा अहिले रु ३० लाख उत्पादन हुने गरेको उनले जानकारी दिए । लेयर्स चल्ला सातामा दुई लाख ५० हजारबाट एक लाख ३० हजारमा झरेको छ । पोखरेलका अनुसार ब्रोइलर चल्लाको लागत मूल्य प्रतिगोटा रु ५५ देखि ६० सम्म पर्न जान्छ । लेयर्सको मूल्य रु एक सय २० देखि एक सय २५ पर्छ ।

नेपाल ह्याचरी उद्योग संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष राजेन्द्र लामिछानेका अनुसार कोभिडपछि दुई वर्षसम्म चल्लाको लागत मूल्य नपाउँदा ती ह्याचरी बन्द भएका हुन् । लामो समयपछि अहिले ब्रोइलर चल्लाको मूल्य प्रतिगोटा रु ७० देखि ७५ मा बिक्री हुने गरेको छ । लेयर्स चल्ला रु एक सय ३० देखि एक सय ५० मा बिक्री हुँदै आएको छ ।

उनले भने, 'लामो समय चल्लाले मूल्य नपाउँदा अधिकांश ह्याचरी बन्द भए ।' चलेकाहरू पनि बैंकको ऋण थपेर धानिएको उनको भनाइ छ । चल्लाले मूल्य नपाउनु, दाना र औषधिको मूल्य बढ्नु, बैंकको व्याज बढी हुनु, मासुको मूल्य कम भएर कुखुरा पाल्ने किसान विस्थापित हुनु, भारतीय अवैध चल्ला भित्रनुलगायत कारण यहाँका ह्याचरी उद्योग र कुखुरा पाल्ने किसान विस्थापित भएका हुन् ।

संघका पूर्वकेन्द्रीय अध्यक्ष ऋषिराम पौडेलका अनुसार ह्याचरी उद्योग बन्द हुँदै गर्दा फार्मसमेत बन्द हुन्छन् । यसबाट एउटै ह्याचरीको करोडौं नोक्सान हुन्छ । उनले भने, 'एउटा ह्याचरी उद्योग सञ्चालन गर्न कम्तीमा रु ४० करोडभन्दा बढी लगानी हुन्छ ।' चार-पाँच बिघा जमिन कम्तीमा आवश्यक पर्ने भन्दै उहाँले जग्गाको मूल्य बढ्दै जाँदा लागत मूल्यसमेत बढेको बताए ।

नेपालमा ह्याचरी उद्योगले अधिकांश प्यारेन्ट (माउ) विदेशबाट ल्याउने गर्छन् । पौडेलका अनुसार त्यस्तो एउटा चल्लाको मूल्य रु सात सय पर्न आउँछ । देशभर थोरै ब्रोइलर कुखुरा पाल्ने किसान धेरै छन् । पछिल्लो समय खपत घटेसँगै मासुले मूल्य नपाउँदा धेरै विस्थापित भएका हुन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ